वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०७८/७९

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

रेड कार्यान्वयन केन्द्र

बबरमहल, काठमाडौं

२०७९

कार्यक्रम कार्यान्वयनको क्रममा लिइएका केही तस्विरहरू

रेडप्लस सम्बन्धी बहुसरोकारवाला अन्तर्कृया गोष्ठी, काठमाण्डौं

रेडप्लस फोकल पर्सन तथा सरोकारवालाहरूको रेड कार्यान्वयन सम्बन्धी तालिम, बुटवल

MRV सम्बन्धी क्षमता अभिवृद्धि तालिमको स्थलगत वन मापनको क्रममा चितवन स्थित स्थायी नमुना प्लटमा

लिफ परियोजना सम्बन्धी बाग्मती, गण्डकी र लुम्बिनी प्रदेशका सरोकारवालाहरूसँग प्रथम परिचयात्मक गोष्ठी, काठमाण्डौं

वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०७८/७९

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

रेड कार्यान्वयन केन्द्र

बबरमहल, काठमाडौं

मंसिर २०७९

प्रकाशक: नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
रेड कार्यान्वयन केन्द्र
बबरमहल, काठमाण्डौ
फोन नं. : ०१-५३३९१२६
इमेल : info@redd.gov.np
वेभसाइट : www.redd.gov.np

प्रतिलिपि अधिकार ©: रेड कार्यान्वयन केन्द्र

आवरण फोटो : कपिलवस्तु जिल्लाको बैजलपुर जनकल्याण सामुदायिक वनमा पुनरोत्पादन कटान पश्चात हुर्केका लाथ्राहरू
(फोटो: यज्ञमूर्ति खनाल)

प्रकाशन मिति: २०७९, मंसिर

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ बमोजिम सार्वजनिक गरिएको वार्षिक प्रतिवेदन तथा रेड कार्यान्वयन जानकारी ।

दुई शब्द

रेड फरेस्ट्री तथा जलबायु परिवर्तन कार्यक्रम वन तथा वातावरण मन्त्रालय अन्तर्गत संचालित पहिलो प्राथमिकता प्राप्त (०१) कार्यक्रम हो । नेपाल सरकारले आ.व. २०६६।६७ देखि रेडप्लस कार्यक्रम कार्यान्वयन गरिरहेको छ । हालसम्म करिब १२ वर्षको अबधिमा तयारी चरणमा गर्नुपर्ने विभिन्न क्रियाकलापहरु सम्पन्न भएका छन् । वनजन्य पारिस्थितिकीय प्रणालीको कार्बन र गैरकार्बन लाभ अभिबृद्धि गर्ने उद्देश्यले वन तथा वातावरण मन्त्रालयले २०७५ सालमा नेपाल राष्ट्रिय रेडप्लस रणनीति, २०७५ कार्यान्वयनमा ल्याएको छ ।

नेपाल सरकार र विश्व बैंक बीच सन् २०१७ जनवरी २० मा संझौता भई नेपालमा रेडप्लस तयारीको थप क्रियाकलापहरु संचालन भईरहेकोमा आ.व. २०७८।७९ सम्ममा उल्लेख्य प्रगति हासिल भएको छ । सेफगार्ड सूचना प्रणाली स्थापना र संचालन गर्ने, राष्ट्रिय वन तथा कार्बनअनुगमन प्रणाली र डाटाबेस तयारी तथा नेपालको वनको आधार बिन्दु अध्यावधिक गर्ने लगायतका कामहरू सम्पन्न भएका छन् । साथै नेपालले वि.सं. २०७५ मा तयार गरेको नेपालको तराई भूपरिधि क्षेत्रका १३ जिल्लाको कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम संचालनका लागि सन् २०२१ मा कार्बन व्यापार सम्झौता गरिसकेको छ ।

यस सन्दर्भमा कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा आ.व. ०७८।०७९ को प्रगति समिक्षा तथा त्यसबाट प्राप्त गरेका सिकाईहरुलाई अभिलेखीकरण गर्ने कार्यको लागि यो प्रतिवेदन तयार गर्ने जमर्को गरिएको छ । यस वार्षिक प्रतिवेदनमा आ.व. २०७८/०७९ मा भए गरेका विवरणहरूलाई लिपीबद्ध रूपमा प्रस्तुत गरिएको छ । यो पुस्तिका तयार गर्नको लागि मस्यौदा तयार गर्ने उपसचिव श्री यज्ञमूर्ति खनाल तथा सहायक वन अधिकृत श्री सुजस प्रसाद फुयाललाई विशेष धन्यवाद दिन चाहन्छु ।

यो पुस्तिका तयारी चरणमा सम्पादन गरी योगदान गर्ने अन्य सहकर्मी साथीहरुलाई धन्यवाद दिन चाहन्छु । यसै गरी यो पुस्तिकामा आर्थिक लगायतका विवरणहरु उपलब्ध गराई सहयोग गर्ने लेखा अधिकृत श्री सबिता रिजाल धन्यवादका पात्र हुनुहुन्छ । यसको साथसाथै केन्द्रदेखि स्थानीयस्तरमा कार्यक्रम कार्यान्वयन गर्ने समुदाय, समूहहरु, सरोकारवालाहरुको सहयोगको लागि विशेष धन्यवाद दिन चाहन्छु । कार्यक्रम कार्यान्वयनका विभिन्न चरणमा सकारात्मक सहयोग गर्ने तथा सुझावहरु प्रदान गर्ने वन तथा वातावरण मन्त्रालय, केन्द्रस्तरका विभागहरु, केन्द्रहरु, कार्यालयहरु, प्रदेशस्तरका वन तथा वातावरण मन्त्रालय तथा अन्तरगतका कार्यालय एवं केन्द्रहरुलाई हार्दिक धन्यवाद सहित भविष्यमा पनि सहयोग, सुझाव, टिप्पणी निरन्तर प्राप्त हुनेछ भन्ने आशा राखेको छु ।

अन्त्यमा, यस कार्यक्रमको तयारी चरणको अवधिमा नीतिगत निर्देशन तथा अन्य समन्वयकारी भूमिका प्रदान गर्नु हुने वन तथा वातावरण मन्त्रालय, कार्यान्वयनमा सहयोगी निकाय र विश्व वैंकको सहयोगी टोलीलाई विशेष आभार व्यक्त गर्न चाहन्छु ।

डा. रामचन्द्र कंडेल
केन्द्र प्रमुख (सहसचिव)

प्रतिवेदनको सारांश

वन विनास रोक्ने, वनको गुणस्तर खस्किन नदिने, वनको संरक्षण गरी कार्बनसंचिति गर्ने, वनको दिगो व्यवस्थापन गर्ने र वन कार्बन संचिति अभिवृद्धि गर्ने क्रियाकलापहरुको समस्टिगत रुप नै रेडप्लस हो । रेडप्लस कार्यक्रम अन्तर्गत देहायका पाँच वटा क्रियाकलापहरुः (१) वन विनासका माध्यमबाट हुने उत्सर्जन न्यूनीकरण, (२) वन क्षयीकरणका माध्यमबाट हुने उत्सर्जन न्यूनीकरण, (३) वन कार्बन संचिति संरक्षण, (४) वनको दिगो व्यवस्थापन, र (५) वन कार्बन संचिति अभिबृद्धि गर्ने पर्दछन् । नेपालले रेडप्लस तयारी चरणका क्रियाकलापहरु आ.व. २०६६।६७ देखि संचालन गरिरहेको छ । वनजन्य पारिस्थितिकीय प्रणालीको कार्बन र गैरकार्बन लाभ अभिबृद्धि गर्ने उद्देश्यले वन तथा वातावरण मन्त्रालयले २०७५ मा नेपाल राष्ट्रिय रेडप्लस रणनीति (२०७५-२०७९) कार्यान्वयनमा ल्याएको छ । रेड फरेस्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम वन तथा वातावरण मन्त्रालय अन्तर्गत संचालित पहिलो प्राथमिकता (०१) प्राप्त कार्यक्रम हो । यो कार्यक्रम कार्यान्वयनमा हाल विश्व बैंकको समेत सहयोग रहेको छ ।

नेपालले सन् २०१८ मा तयार गरेको नेपालको तराई भू-परिधि क्षेत्रका १३ जिल्लाको कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम संचालन गर्न लागिरहेको छ । यो कार्यक्रमको उद्देश्य वन विनास र क्षयीकरणका कारण र प्रभावहरु घटाई दिगो वन व्यवस्थापन गर्दै कार्बन उत्सर्जन कटौती र कार्बन संचिति बृद्धि गरि कार्बन व्यापारबाट नेपालले लाभ लिनु रहेको छ । नेपालको तराई भूपरिधि क्षेत्रका १३ जिल्लामा कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम संचालन गरि सन् २०२८ सम्म करिव ३ करोड ४२ लाख टन कार्बन डाईअक्साइड ग्याँस ऊत्सर्जन कम गर्ने लक्ष्य लिएको छ । उक्त कार्यक्रम मार्फत् पहिलो छ वर्षमा उत्सर्जन न्यूनीकरण बापत् विश्व बैंकसँग कार्बनव्यापार सम्झौता गरि अन्तरराष्ट्रिय भुक्तानी लिने गरि अन्तिम तयारी भैरहेको छ ।

आर्थिक वर्ष ०७८।०७९ मा रेड कार्यान्वयन केन्द्र मार्फत् मुख्य गरी रेडप्लस कार्यक्रम कार्यान्वयनको लागि सहयोग पुग्ने किसिमका अन्तिम चरणका विभिन्न क्रियाकलापहरु र समृद्धिको लागि वन कार्यक्रम तर्फ तयारी चरणका कार्यक्रमहरु कार्यान्वयन गरिएको थियो । रेड प्लस तथा समृद्धिको लागि वन कार्यक्रम दुवै तर्फ गरी आ.ब. ०७८।०७९ मा निम्न बमोजिमका प्रमुख क्रियाकलापहरु सम्पन्न भएका थिए ।

सि.नं.	कृयाकलापहरू	इकाई	वार्षिक लक्ष्य	प्रगति	कैफियत
१	सामुदायिक वन कार्ययोजना पुनरावलोकन	प्याकेज	१	१	
२	वन बिस्तार गर्न सकिने सम्भाव्य क्षेत्रहरुको नक्सांकन गर्ने	पटक	१	१	
३	नेपालको वन आधार तह अपडेट गर्ने	पटक	१	१	आ.व. ०७७।७८ मा शुरू भै कोभिड-१९ का कारण समयमै स्थलगत कार्य सम्पन्न हुन नसकेकोमा म्याद थप भै आ.व. ०७८।७९ मा सम्पन्न भएको ।
४	सेफगार्ड सुचना प्रणाली निर्माण	प्याकेज	१	१	
५	समृद्धिको लागि वन परियोजनाको आधार सर्भेक्षण	प्याकेज	१	१	
६	राष्ट्रिय वन तथ्याङ्क प्रणाली सञ्चालन	प्याकेज	१	१	
७	राष्ट्रिय वन श्रोत सर्भेक्षण तथा अनुसन्धानका लागि वैज्ञानिक उपकरण खरिद	प्याकेज	१	१	
८	वन बृद्धि र जलवायु परिवर्तन अन्तरसम्बन्ध अध्ययन गर्ने प्रयोगशाला सुदृढिकरण	प्याकेज	१	१	
९	जैविक मार्गहरुमा कार्बनसंचिति सम्वन्धी अध्ययन	पटक	१	१	
१०	निजी वनमा कार्बन सञ्चिति सम्वन्धी अध्ययन	पटक	१	१	
११	शहरी उद्यान, जैविक विविधता र कार्बनसञ्चिति सम्बन्धी अध्ययन	पटक	१	१	
१२	रेड फोकल पर्सन तथा सरोकारवालाहरुको रेड कार्यान्वयन तालिम	पटक	४	४	

सि.नं.	कृयाकलापहरू	इकाई	वार्षिक लक्ष्य	प्रगति	कैफियत
१३	प्रदेश वन निर्देशनालयमा स्थापित रेड डेस्कको क्षमता अभिबृद्धि तथा व्यवस्थापन	वटा	७	७	
१४	रेडसँग सम्बन्धित निकायहरुको लैङ्गिक अवधारणा क्षमता अभिबृद्धि कार्यक्रम	पटक	२	२	
१५	वन वातावरण तथा जलवायु परिवर्तन विषयसँग सम्बन्धित तालिम	पटक	३	३	
१६	बृक्षरोपण तथा वन व्यवस्थापन सम्बन्धी म्यानुअल तयारी	गोटा	५	२	

आ.व. २०७८।७९ मा सम्पन्न अन्य क्रियाकलापहरुमा प्रदेश मन्त्रालय र निर्देशनालयहरुसँग छलफल अन्तरकृयाका लागि कन्ट्रोल रुम तयार गरिएको, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रसँगको सहकार्यमा २ वटा वायोमेट्रिक तालिम संचालन गरिएको, उत्सर्जन न्युनिकरण कार्यक्रम अन्तर्गतका जिल्लाहरुलाई रुख मापन गर्ने उपकरण खरिद गरिएको, उत्सर्जन न्युनिकरण कार्यक्रम लागू भएका जिल्लाबाट राष्ट्रिय वन तथ्यांक प्रणाली संचालन गर्नको लागि तथ्यांक संकलन गर्न अत्यावश्यक पर्ने सामग्रीहरू जस्तैः ल्यापटप, डेस्कटप कम्प्युटर, प्रोजेक्टर, डिजिटल स्क्रिन लगायतका उपकरण, सफ्टवेयर खरिद, रेडसंग सम्बन्धित सरोकारवालाहरुको लागि दुई वटा लैङ्गिक अवधारणा क्षमता अभिबृद्धि कार्यक्रमहरु संचालन गरिएको, प्रदेश मन्त्रालय मातहत रेड डेस्कको सचिवालय व्यवस्थापन तथा क्षमता अभिबृद्धिमा सहयोग गरेको, आयोजना कार्यालय परिसरमा गार्डेनिङ र सुचनामुलक जानकारी प्रकाशन तथा प्रचारप्रसार सम्बन्धी कार्यहरु थिए ।

आ.व. २०७८।७९ को बार्षिक स्विकृत योजनामा समाबेस कृयाकलापहरु कार्यान्वयनका लागि रेड फरेष्ट्रि तथा जलवायु परिवर्तन कार्यक्रम तर्फ कूल रु. २२ करोड ५५ लाख २० हजार र समृद्धिको लागि वन कार्यक्रम तर्फ कूल रु. ३ करोड ५० लाख गरि जम्मा रु. २६ करोड ०५ लाख २० हजार बजेट विनियोजन भएको थियो । त्यस मध्ये रेड फरेष्ट्रि तथा जलवायु परिवर्तन कार्यक्रम तर्फ कूल रु. १० करोड १८ लाख ८५ हजार र समृद्धिको लागि वन कार्यक्रम तर्फ कूल रु. २ करोड ३७ हजार गरि कुल रु. १२ करोड १९ लाख २२ हजार बजेट खर्च भै रेड फरेष्ट्रि तथा जलवायु परिवर्तन कार्यक्रम तर्फ ४५.१८ प्रतिशत र समृद्धिको लागि वन कार्यक्रम तर्फ ५७.२५ प्रतिशत वित्तिय प्रगति हासिल भएको थियो ।

विषय-सूची

भाग १: रेडप्लस कार्यक्रम : कार्यान्वयन प्रयास तथा साङ्गठनिक संरचना एक जानकारी १

१.१ पृष्ठभूमी १

१.२ रेडप्लस प्रक्रियामा नेपालको प्रयास ३

१.३ रेडको साङ्गठनिक संरचना.....६

१.३.१ राष्ट्रिय रेडप्लस निर्देशक समिति.....७

१.३.२ राष्ट्रिय रेडप्लस समन्वय समिति.....७

१.३.३ रेड कार्यान्वयन केन्द्र ७

१.४ रेडप्ल सम्बन्धी नीतिगत तथा कानुन व्यवस्था र रेड कार्यान्वयन केन्द्र ९

१.४.१ बजेट तथा कार्यक्रम शाखा १०

१.४.२ जलवायु व्यवस्थापन शाखा.....११

१.४.३ दूर संवेदन तथा भू-सूचना प्रणाली शाखा.....१२

१.४.४ आर्थिक प्रशासन शाखा.....१२

१.४.५ प्रदेशस्तरमा प्रदेश वन निर्देशनालय अन्तर्गत रेड फोकल डेस्क.....१३

भाग २: सम्पन्न कियाकलापहरुको विवरण १४

२.१ राष्ट्रिय वन श्रोत सर्वेक्षण तथा अनुसन्धानका लागि आवश्यक वैज्ञानिक उपकरण खरिद..... १४

२.२ Safeguard Information System Design and Operationalize..... १४

२.३ उत्सर्जन न्यूनीकरण कार्यक्रम अन्तर्गतका जिल्लाहरुलाई रुख मापन गर्ने उपकरण खरिद तथा वितरण.....१५

२.४ वन बृद्धि र जलवायु परिवर्तन अन्तरसम्बन्ध अध्ययन गर्ने प्रयोगशाला सुदृढिकरण...१५

२.५ प्रदेश मन्त्रालय, निर्देशनालयहरुसँग छलफल अन्तरकृयाका लागि कन्ट्रोल रुम तयार गर्ने.....१५

२.६ राष्ट्रिय वन तथ्याङ्क प्रणाली स्थापना र संचालन.....१६

२.७ सम्बृद्धिको लागि वन परियोजनाको आधार रेखा सर्भेक्षण १६
२.८ रेड प्लस सम्बन्धी आवस्यकतामा आधारित अध्ययन १७
२.९ वन विस्तार गर्न सकिने सम्भाव्य क्षेत्रहरुको नक्सांकन गर्ने १७
२.१० उत्सर्जन न्यूनीकरण कार्यक्रम लागु हुने जिल्लाबाट तथ्यांक संकलनका लागि कम्प्युटर आदि खरिद १८
२.११ वन कार्बन मापन क्षमता अभिबृद्धिका लागि सामग्री खरिद १८
२.१२ वन डढेलो नियन्त्रणका लागि सामग्री उपकरण खरिद १८
२.१३ स्कुटर/मोटरसाइकल खरिद १९
२.१४ Allometric Equation of Major Species १९
२.१५ वन क्षयीकरणबाट हुने कार्बन उत्सर्जन र कार्बन शोषण सम्बन्धी अध्ययन गरि नेपालको वन आधार तह अपडेट गर्ने १९
२.१६ स्थानीय स्तरमा भैरहेको विभिन्न वन व्यवस्थापनमा व्यवहारिक पक्ष सम्बन्धी अध्ययन २०
२.१७ जैविक मार्गहरुमा कार्बन सञ्चिति सम्बन्धी अध्ययन २०
२.१८ शहरी उद्यान, जैविक विविधता र कार्बन सञ्चिति सम्बन्धी अध्ययन २१
२.१९ नीजि वनमा कार्बन सञ्चिति सम्बन्धी अध्ययन २१
२.२० वायोमेट्रि सम्बन्धी तालिम २१
२.२१ वन क्षेत्र परिवर्तन तथा वन कार्बन अनुगमन तालिम २१
२.२२ रेड फोकल पर्सन तथा सरोकारवालाहरुको रेड कार्यान्वयन तालिम २२
२.२३ प्रदेश वन निर्देशनालयमा स्थापित रेड डेस्कको सचिवालयको क्षमता अभिवृद्धि तथा व्यवस्थापन सहयोग २३
२.२४ रेडसँग सम्बन्धित निकायहरुको लैङ्गिक अवधारणा क्षमता अभिबृद्धि कार्यक्रम २३
२.२५ योजना तर्जुमा/समिक्षा गोष्ठी २३
२.२६ सरोकारवालाहरुसँग छलफल र अन्तरक्रिया तथा गोष्ठी २४
२.२७ रेडसँग सरोकारवालाहरुको ESMF / Safeguard सम्बन्धी क्षमता अभिबृद्धि तालिम २४
२.२८ वार्षिक प्रतिवेदन प्रकाशन तथा वितरण २५

२.२९ डायरी, क्यालेण्डर, पम्पलेट, पोष्टर, ब्रोसियर आदि प्रकाशन २५
२.३० अध्ययन प्रतिवेदन, रणनीति तालिम सामग्रीहरुको छपाई २५
२.३१ सामुदायिक वन कार्ययोजना नविकरण २६
२.३२ वायोमास अध्ययनको लागि नेपालको वनमा नमुना रुखहरु छनौट २६
२.३३ आयोजना कार्यालय परिसरमा गार्डेनिङ्ग व्यवस्थापन २७
२.३४ वेभसाईट अपडेट तथा सञ्चालन २७
२.३५ वृक्षारोपण तथा वन व्यवस्थापन सम्वन्धि म्यानुयल तयारि २७
२.३६ कर्मचारीहरुका लागि क्षमता अभिबृद्धि कार्यक्रम (वैदेशिक) २७
२.३७ अन्तर्राष्ट्रिय गोष्ठी सभा सम्मेलनमा सहभागिता २८

भाग ३: आर्थिक प्रगति विवरण २९

भाग ४: कार्यक्रम कार्यान्वयनबाट प्राप्त सिकाईहरु ३१

४.१ सरोकारवालाहरुसँगको समन्वय ३१
४.२ सेवा प्रदायकहरुसँग सेवा प्राप्ति गर्ने सिलसिलामा सिकाईहरु ३२
४.३ प्रदेश तथा अन्तर्गतका निकायहरु बीचको समन्वय ३३
४.४ विश्व बैङ्कसँग कार्यक्रम कार्यान्वयन गर्दाका सिकाईहरु ३३
४.५ मन्त्रालय, विभागीय निकायहरुसँगको समन्वय ३४

अनुसूचीहरु ३५-७७

अनुसूची १ : नेपालमा रेडप्लसको विकासक्रम ३७
अनुसूची २ : रेड कार्यान्वयन केन्द्रको सहयोगमा सामुदायिक वन कार्ययोजना नविकरण गरिएका सा.व. हरुको विवरण ४१
अनुसुची ३ : रेड फरेष्ट्रि तथा जलवायु परिवर्तन कार्यक्रमको आ.व. ०७८/७९ को वार्षिक प्रगति प्रतिवेदन ६०
अनुसूची ४ : समृद्धिको लागि वन कार्यक्रमको आ.व. ०७८/७९ को वार्षिक प्रगति प्रतिवेदन ७२
अनुसूची ५ : रेड कार्यान्वयन केन्द्र, बबरमहल आ.व. ०७८।७९ मा कार्यरत कर्मचारीहरू ७६
अनुसूची ६ : रेड कार्यान्वयन केन्द्र, बबरमहलमा संगठन स्थापनादेखि हालसम्मका केन्द्र प्रमुखहरुको विवरण: ७७

भाग १

रेडप्लस कार्यक्रम : कार्यान्वयन प्रयास तथा साङ्गठनिक संरचना एक जानकारी

१.१ पृष्ठभूमी

पृथ्वीको तापक्रम क्रमिक रुपमा बढ्दै जानु तथा विश्वव्यापी रुपमा महसुस गरिएको जलवायु परिवर्तन र यसले पारेका असरहरु सबैको चासोको विषय वनेका छन् । बिसौं शताव्दीको अवधिमा ०.७ डिग्रि सेल्सियसका दरले बढेको तापक्रम २१ औं शताब्दीमा १.८ देखि ४ डिग्रि सेल्सियस सम्मले बढ्न सक्ने भनि वैज्ञानिकहरुले अनुमान गरेका छन् । यसरी क्रमिक रुपमा बढिरहेको तापक्रमले मौसममा परिवर्तन आउँदा कतिपय स्थानमा खडेरी बढ्न गई मरुभुमिकरण हुने तथा कतिपय स्थानमा भारी वर्षाका कारण बाढी पहिरो आदिको प्रकोप बढ्न गई विपत्तिको सृजना हुने अनुमान गरिएको छ ।

स्थिर रहनुपर्ने जलवायु सुचकांकहरु जस्तै- तापक्रम, वर्षा, समुन्द्री सतह बृद्धि, प्राणी तथा वनस्पतिमा बढ्दो रोग किराको आक्रमण र प्रकोपजन्य घटनाको बृद्धिलाई जलवायु परिवर्तनको मूख्य प्रभाव मानिएको छ । जस्तोकि मुसलधारे र भारी वर्षाका घटनाहरु बढ्नु, व्यापक बाढी, पहिरो आदिको अवस्था देखा पर्नु र पानी पर्ने दिनहरुको संख्या कम हुनु आदि जलवायु परिवर्तनका असरहरु हुन् ।

पृथ्वीको सबैभन्दा बाहिरी सतहमा रहेर पृथ्वीबाट परावर्तन भई बाहिर निस्किने तापिए किरणहरुलाई रोक्ने र पृथ्वीको तापक्रम क्रमिकरुमा बढाउन भूमिका खेल्ने ग्याँसहरुलाई हरितगृह ग्याँस भनिन्छ । सबै ग्याँसहरुले हरितगृह प्रभाव नदेखाउने भएतापनि कार्वनडाइअक्साइड (CO_2), मिथेन (CH_4), नाइट्रस अक्साइड (N_2O), हाइड्रोफ्लोरो कार्बन(HFCs), परफ्लोरो कार्बन(PFCs), सल्फहेक्जाफ्लोराइड (SF_6), नाइट्रोजन ट्रिफ्लोराइड (NF_3) जस्ता ग्याँसहरुलाई हरितगृह ग्याँसको रुपमा लिईन्छ । जलवायु परिवर्तनको मुख्य कारण पनि विभिन्न स्वरुपमा रहेको हरितगृह ग्याँसहरु वायुमण्डलमा प्रवेश गर्नुलाई मानिएको छ र यसो हुनुमा मानव उपयोगका लागि गरिने प्राकृतिक स्रोतहरुको अत्याधिक दोहन, वातावरण प्रदुषण र पर्यावरणीय विनासलाई मानिएको छ ।

जलवायु परिवर्तनको लागि अन्तरसरकारी मञ्च (Intergovernmental Panel on Climate Change-IPCC, 2007) ले सन् २००७ मा गरेको विश्लेषण अनुसार जलवायु परिवर्तनका मुख्य कारण वायुमण्डलमा बढिरहेको हरितगृह ग्याँसको क्रमिक उत्सर्जन हो र हरितगृह ग्याँसहरुमा सबैभन्दा

बढी भुमिका खेल्न सक्ने ग्याँसको रुपमा कार्बनडाइअक्साइड (CO_2) ग्याँसलाई मानिएको छ । सन् १९५८ देखि २००१ सम्मको अवधिमा वायुमण्डलमा कार्बनडाइअक्साइड (CO_2) ग्याँस को मात्रा ३१५ पि.पि.एम. बाट ३७० पि.पि.एम. सम्म क्रमिक रुपमा बढिरहेको पाइएको छ ।

दिगो वन व्यवस्थापनका माध्यमबाट वातावरणमा उत्सर्जन हुने कार्बनडाइअक्साइड (CO_2) ग्याँसको परिमाण कम गर्ने, वातावरणमा कार्बनडाइअक्साइड ग्याँसको खपत अभिबृद्धि गर्ने र जमिनमा कार्बनसञ्चिति बढाउने जस्ता कार्य जलवायु परिवर्तन न्युनिकरणको लागि अति आवस्यकीय कुराहरु हुन् । बढ्दो जलवायु परिवर्तनलाई न्युनिकरण गर्नका लागि हरितगृह ग्याँसहरुको उत्सर्जनमा कमी ल्याउन सक्नुपर्दछ । यसका लागि वनजंगलको संरक्षण गरी वायुमण्डलमा रहेको प्रमुख हरितगृह ग्याँस, कार्बनडाइअक्साइडको खपत गरी कार्वनको भण्डार बृद्धि गर्ने र वनबाट हुने कार्वनडाइअक्साइडको उत्सर्जनमा कमी ल्याई जलवायु परिवर्तनको असरलाई कम गर्न सकिन्छ भन्ने सोचबाट रेड प्लस को अवधारणा विकाश भएको हो ।

वन विनास तथा वन क्षयीकरणबाट हुने कार्बन उत्सर्जनलाई न्युनिकरण गर्ने, वनको प्रभावकारी संरक्षण गर्ने र यसको दिगो व्यवस्थापन मार्फत कार्बन सञ्चिति क्षमता अभिबृद्धि गराउने कार्य गरे वापत विकासोन्मुख मुलुकलाई विकसित राष्ट्रहरुबाट प्रोत्साहन स्वरुप प्राप्त हुने भुक्तानीको अवधारणालाई समग्रमा रेडप्लस (Reducing Emissions from Deforestation and Degradation REDD plus Conservation of Forests Carbon Stock, Sustainable Management of Forests and Enhancement of Forests Carbon Stock) भनिन्छ । रेड प्लस (REDD+) कार्यक्रम अन्तर्गत निम्नलिखित पाँचवटा क्रियाकलापहरु पर्दछन् ।

- वन विनाशका माध्यमबाट हुने उत्सर्जन न्युनिकरण
- वन क्षयीकरणका माध्यमबाट हुने उत्सर्जन न्युनिकरण
- वन कार्बन सञ्चितिको संरक्षण
- वनको दिगो व्यवस्थापन
- वन कार्बनको सञ्चितिमा अभिबृद्धि

रेडप्लस कार्यक्रमको सिलसिलामा नेपाल तयारी चरणबाट कार्यान्वयन चरणमा प्रवेश गर्न लागेको छ । रेडप्लस कार्यक्रमको चरणहरु निम्न बमोजिम रहेका छन् ।

पहिलो चरणः तयारी	द्वितीय चरणः कार्यान्वयन	तृतिय चरणः भुक्तानी
राष्ट्रिय रणनीति तर्जुमा, कार्यक्रम तथा कार्ययोजना निर्माण, क्षमता अभिवृद्धि, अध्ययन, आदि ।	राष्ट्रिय रणनीति, कार्यक्रम, कार्ययोजना कार्यान्वयन, क्षमता अभिवृद्धि, आदि ।	नतिजामा आधारित भुक्तानीका लागि Monitoring, Reporting and Verification (MRV) सम्बन्धी कार्यहरु, आदि ।

नेपालले आ.व. २०६६।६७ देखि रेड फरेस्ट्रि तथा जलवायू परिवर्तन कार्यक्रम कार्यान्वयन गर्दै आएको छ । यो कार्यक्रम कार्यान्वयनमा हाल विश्व बैंकको समेत सहयोग रहेको छ । कार्यक्रमको कार्यान्वयनबाट वन विनास तथा वन क्षयीकरणबाट हुने कार्बन उत्सर्जनमा कमी हुन गई नेपालले उत्सर्जन न्युनीकरण मार्फत कार्बन व्यापारमा सहभागी भै लाभ प्राप्त गर्ने र सो लाभ सम्बन्धित उत्सर्जन न्युनीकरण गर्न योगदान गर्ने स्थानीय समुदाय वा निकायहरूले प्राप्त गर्ने छन् । फलतः स्थानीय समुदायले गैर कार्बन लाभ समेत प्राप्त हुने हुँदा वनको दिगो व्यवस्थापनमा योगदान अभिवृद्धि हुने अपेक्षा गरिएको छ ।

नेपालमा वनले करिब ५९ लाख ६२ हजार हेक्टर भू—भाग ओगटेको छ जुन नेपालको कुल क्षेत्रफलको ४०.३६ प्रतिसत हुन आउँछ । नेपालको वनमा कुल कार्बन संचिति १ अर्ब ५ करोड ५० लाख टन (औसत १७६.९५ टन प्रति हेक्टर) रहेको अनुमान गरिएको छ जसमध्ये ६१.५३ प्रतिसत रुखमा (जीवित, सुखड खडा, ढलापडा र सतह मुनिको भाग समेत), ३७.८० प्रतिसत माटोमा र ०.६७ प्रतिसत पातपतिंगरमा रहेको छ । यसको अतिरिक्त नेपालमा ६ लाख ४८ हजार हेक्टर बुट्यान क्षेत्र (कुल क्षेत्रफलको ४.३८ प्रतिसत) रहेको छ जसमा करिब ६ करोड ९ लाख टन (औसतः १०५.२४ टन प्रति हेक्टर) कार्बन संचिति रहेको छ ।

नेपालमा वन विनास र अत्यधिक दाउरा संकलनका कारण हुने वन क्षयीकरणबाट बर्षेनी करिव १३ लाख टन कार्बन डाईअक्साइड ग्याँस ऊत्सर्जन हुने अनुमान छ । नेपालको तराई भूपरिधि क्षेत्रका १३ जिल्लामा कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम संचालन गरि सन् २०२८ सम्म करिव ३ करोड ४२ लाख टन कार्बन डाईअक्साइड ग्याँस ऊत्सर्जन कम गर्ने लक्ष्य लिइएको छ ।

१.२ रेडप्लस प्रकृयामा नेपालको प्रयास

वन विनास र वन क्षयीकरणलाई न्युनिकरण गर्नको लागि नेपालले दशकौं अघिदेखि विभिन्न नीतिगत, संरचनागत तथा कार्यक्रमगत रुपमा पहल कदमी लिँदै आएको छ । रेड प्लसकै सन्दर्भमा भने नेपालले सन् २००४ मा जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघिय महासन्धि अन्तर्गत सन् १९९७ मा आएको क्योटो प्रोटोकलको स्वच्छ विकास संयन्त्र (CDM) नेपालको वन व्यवस्थापनको सन्दर्भमा अनुपयुक्त भएको विचार व्यक्त गरेको थियो र इन्डोनेसियाको बालीमा सन् २००७ मा भएको रेड सम्बन्धी वार्ता र त्यस पछिका रेड प्लस सम्बन्धी वार्ताहरुमा नेपाल सरकार र नागरिक समाजको निरन्तर सहभागिता रहेको थियो । फलस्वरुप सन् २००८ मा नेपालले रेडप्लसको तयारीका लागि विश्व बैंकको वन कार्बन साझेदारी सहयोग कार्यक्रमबाट सहयोग प्राप्त गर्न स्वयमसेवी रुपमा अवधारणा पत्र तयार गरी रेडप्लस सम्बन्धी विभिन्न विषयमा चेतनामुलक गोष्ठी र छलफलहरुको शुरुवात गरियो ।

यसै समयमा वन तथा वातावरण मन्त्रालय अन्तर्गत रेड फरेष्ट्री तथा जलवायु परिवर्तन इकाई (REDD Forestry and Climate Change Cell) स्थापना गरिएको थियो जुन हाल रेड कार्यान्वयन केन्द्रको रुपमा रहेको छ । यस अवधिमा नेपाल सरकारका अलावा विभिन्न दातृ निकाय, गैरसरकारी संघ संस्था तथा विकास साझेदार निकायहरुबाट समेत रेडप्लसका बारेमा परीक्षण परियोजनाहरुको शुरुवात भएको थियो । सन् २००८ पछि नै नेपालबाट सरकारी तथा गैरसरकारी क्षेत्रका प्रतिनिधिहरु रेडप्लस सम्बन्धी वार्ता तथा छलफलमा भाग लिन जाने क्रममा बृद्धि भएको देखिन्छ ।

नेपालको रेडप्लस तयारीको चरण मध्ये सन् २००९ लाई महत्वपुर्ण वर्षको रुपमा लिइन्छ । यस वर्ष रेडप्लसको तयारीका लागि पुर्वतयारी प्रस्तावना (RPP) तयारी र यसका लागि विभिन्न तहमा छलफल तथा परामर्श गोष्ठीको आयोजना गरिनुका साथै रेडप्लस सम्बन्धी सचेतना र क्षमता अभिबृद्धि गर्ने परियोजनाहरुको सुरुवात समेत भएको पाइन्छ । यसै वर्षदेखि नर्वे सरकारको सहयोगमा गोरखा, चितवन र दोलखा जिल्लामा रहेका क्रमशः लुधिखोला, कयरखोला र चर्नावती जलाधार क्षेत्रमा रहेका सामुदायिक वनहरुमा रेड प्लसको लाभांस वितरण सम्बन्धी ३ वर्षे परीक्षण परियोजना लागु भएको थियो ।

यसका साथै सरकारी तथा गैर सरकारी क्षेत्रमा जलवायु परिवर्तन सम्बन्धी अवधारणा विकासका लागि व्यापक रुपमा छलफल, संवादको कार्य अगाडि बढाइएको थियो । यसै वर्षको अन्त्यतिर नेपाल सरकारले रेडप्लस सम्बन्धी कृयाकलाप संचालनका लागि रेड फरेष्ट्री तथा जलवायु परिवर्तन इकाईको स्थापना गर्नुका साथै अन्य संस्थागत संरचनाहरुको समेत स्थापना गरेको थियो ।

रेडप्लसको तयारीका लागि नेपालले तयार गरेको पुर्वतयारी प्रस्तावमा राष्ट्रियस्तरबाट पारित भई सन् २०१० को अप्रिलमा विश्व बैंकमा पेश भएको तथा सोही वर्षको जुनमा विश्व बैंकबाट नेपालको रेडप्लस सम्बन्धी पुर्वतयारी प्रस्तावना पारित गरेपछि रेडप्लसको तयारीका काममा तिव्रता आएको थियो ।

विश्व बैंक बाहेक नेपालमा रेड प्लसको परीक्षणका लागि नर्वे, अमेरीका, वेलायत, स्विट्जरल्याण्ड, फिनल्याण्ड, जापान लगायतका मुलुकहरुद्वारा सहयोग गर्न शुरुवात भएको थियो । सन् २०११ देखि २०१२ मा तयारी चरणका विभिन्न कार्यक्रमहरु जस्तैः रेडप्लसका लागि आवश्यक पर्ने तथ्य तथ्याङ्कहरुको तयारीका लागि अध्ययन अनुसन्धान, वन विनासका कारक तत्वहरुको विष्लेषण, भू उपयोगको अर्थराजनीति, नेपालको वन क्षेत्रको आर्थिक महत्व, सामाजिक तथा वातावरणीय रणनीतिक मूल्यांकन, कार्बन स्वामित्व, वनको आधारविन्दु, वन कार्बन मापन मार्गदर्शनको विकास, अनुगमन प्रतिवेदन तयारी र प्रमाणिकरण, रेडप्लसको प्राविधिक विषयमा आवस्यक पर्ने अन्य विषयहरुको अध्ययन र विधिहरु विकास, भू परिधि तह (Landscape Level) मा रेड प्लसको परीक्षणका लागि तयारी जस्ता विषयमा गहन अध्ययन साथै राष्ट्रिय रेड प्लस रणनीति २०७५ (National

REDD Plus Policy 2075) तयारीका लागि खाका विकास र छलफल तथा परामर्शहरुको शुरुवात भएको पाइन्छ ।

त्यसैगरी सन् २०१३ देखि २०१५ सम्ममा रेडप्लस तयारी चरणका विभिन्न महत्वपुर्ण कार्यहरु सम्पन्न भएको पाइन्छ । यस अवधिमा विश्व बैंकमा तराई भू परिधि क्षेत्रका लागि उत्सर्जन कटौती कार्यक्रम अवधारणा पत्र (Emission Reduction Program Idea Note ER - PIN) तयार गरी पेश, रेडप्लस तयारीका लागि आवस्यक रेडप्लस रणनीति तयारी, मापन, प्रतिवेदन र प्रमाणिकरण (Measurement, Reporting and Verification - MRV) प्रणालीको विकास तयारी, लाभांस वितरण तथा कार्बन उत्सर्जन आधार रेखा (Reference of Emission Level REL) आदि विषयमा अध्ययनको शुरुवात भएको थियो । यसका साथै रेडप्लस रणनीति र यसको कार्यान्वयनको लागि आवस्यक पर्ने संस्थागत संरचना र अन्य अभिलेखको तयारी, खास गरी तराई भू-परिधि क्षेत्रका लागि उत्सर्जन कटौती कार्यक्रम अभिलेख (Emission Reduction Program Document - ERPD) तयार गर्ने प्रकृया यस अवधिमा सुरु भएको पाइन्छ ।

रेड प्लस तयारी पहिलो चरण (सन् २००९ देखि २०१५) मा संचालन गरेका उल्लेखित कृयाकलाप तथा अध्ययन अनुसन्धानहरुले नेपालको रेड प्लस सम्बन्धी Warsaw Framework तयारीका लागि चाहिने आवस्यक सूचना, तथ्य तथा तथ्याङ्क संकलनमा ठुलो भूमिका खेलेको पाईन्छ ।

नेपालले रेडप्लस तयारीका लागि चाहिने आवस्यक नीति तथा संरचनाहरु Warsaw Framework को विकास रेडप्लस तयारीको पहिलो चरणमा सम्पन्न गरी नसकेकोले विश्व बैंकले तयारी चरणमा बाँकी काम सम्पन्न गर्न (रेडप्लस तयारी दोश्रो चरणको) अनुदान रकम उपलव्ध गराएको थियो । उक्त सहयोगबाट सन् २०१६ मा विभिन्न महत्वपूर्ण कार्यहरु सम्पन्न भएको पाइन्छ । खास गरी सन् २०१६ मा जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघिय प्रारुप महासन्धिमा नेपालको राष्ट्रिय वनको आधार तह (National Forest Reference Level) पेश भएको, वन लगानी योजना (Forest Investment Plan) तयारी राष्ट्रिय रेडप्लस रणनीति २०७५ (National REDD Plus Strategy 2075), रेडप्लस कार्यक्रममा लैङ्गिक सम्मिलन (Gender Integration in REDD Plus) सम्बन्धमा मार्गचित्र तथा लैङ्गिक कार्ययोजना तयारी गरिएको थियो ।

सन् २०१७ मा तराई भू परिधि क्षेत्रका १२ जिल्लाका लागि कार्बन उत्सर्जन न्युनिकरण अभिलेख/कागजात (Emission Reduction Program Document- ERPD) र रेडप्लस कार्यक्रममा लैङ्गिक सम्मिलन (Gender Integration in REDD Plus) सम्बन्धमा मार्ग चित्र तथा लैङ्गिक कार्ययोजना तयार गरी विश्व बैंकमा पेश गरिएको थियो । यसै वर्षको अन्त्यमा नेपालबाट पेश भएको वन लगानी योजना (Forest Investment Plan- FIP) लाई World Bank's FIP Sub-committee ले स्वीकृत गरेको थियो ।

नेपालको रेडप्लस तयारी प्रकृयामा सन् २०१८ मा नेपालको राष्ट्रिय रेडप्लस रणनीति र राष्ट्रिय वन आधार तह स्वीकृत भएको थियो । त्यसैगरी Biodiversity Monitoring Protocal for REDD+ तयार गर्ने काम सम्पन्न भयो । सन् २०१९ मा नेपालको तराई भू परिधि क्षेत्रका १३ जिल्ला (नवलपरासी जिल्ला दुई जिल्लामा विभाजन भए पश्चात् १३ जिल्ला भएको) मा संचालन हुने कार्बन उत्सर्जन न्युनिकरण कार्यक्रम अन्तर्गत कार्बन व्यापारबाट प्राप्त लाभको बाँडफाँड योजना तयार गरिएकोछ । यी सबै कार्यबाट नेपाललाई उत्सर्जन न्यूनीकरण सम्बन्धित विभिन्न कार्यक्रमहरु कार्यान्वयन गर्न ढोका खुलेको छ ।

नेपालको राष्ट्रिय वन आधार तह (National Forest Reference Level) अद्यावधिक गर्न बाँकी अध्ययनहरु पुरा गर्ने, विभिन्न रुख प्रजातिहरुको Allometric Equation तयार पार्ने, उत्सर्जन न्युनिकरण दस्तावेजको आर्थिक विश्लेषण, सुरक्षा कवच सुचना प्रणाली (Safeguard Information System) र राष्ट्रिय वन सुचना प्रणाली स्थापना तथा सञ्चालन गर्ने लक्ष्य राखेको छ ।

रेडप्लस कार्यक्रम कार्यान्वयनको लागि नेपालको तर्फबाट तयारी चरणमा हालसम्म भए गरेका र कार्यान्वयन र भुक्तानीको चरणमा हुने कार्यहरुलाई निम्न चित्र नं. १ मा देखाइएको छ भने विस्तृत विवरण अनुसुची १ मा प्रस्तुत गरिएको छ ।



Abbreviations: R-PIN= Readiness Plan Idea Note; R-PP = Readiness Preparation Plan; ER-PIN = Emission Reduction Program Idea Note; R-Package = Readiness Package; ER-PD = Emission Reduction Program Document; ERPA = Emission Reduction Payment Agreement; MRV = Measurement, Reporting and Verification

चित्र नं. १ : नेपालमा रेडप्लसको विकासक्रम

१.३ रेडप्लसको सांगठनिक संरचना

नेपालमा रेडप्लस कार्यक्रमको प्रभावकारी रुपमा तयारी र नतिजामूलक कार्यान्वयनको लागि वन तथा वातावरण मन्त्रालय मार्फत् छुट्टै संरचना रहेको छ । रेडप्लस सम्बन्धी विषयहरुलाई नेपाल सरकारले विशेष महत्व दिएको पाइन्छ । यसले सम्पादन गर्ने कार्यहरु राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा हुने भएकोले यसले गर्ने कार्यहरुको व्यवस्थापन तथा नीतिगत निर्देशनको लागि उच्च तहदेखि कार्यान्वयन तहसम्म निम्न बमोजिमका संरचनाहरु रहेका छन् ।

१.३.१ राष्ट्रिय रेडप्लस निर्देशक समिति

रेडप्लससँग सम्बन्धित सरोकारवालाहरुलाई निर्णय प्रकृयामा समावेश गर्नका लागि उच्च तहमा २४ सदस्यहरु रहनेगरी वन तथा वातावरण मन्त्रालयका माननीय मन्त्रीज्यूको अध्यक्षतामा विभिन्न मन्त्रालयका सचिवहरु (वन तथा वातावरण मन्त्रालय, अर्थ मन्त्रालय, जलश्रोत, उर्जा र सिंचाइ मन्त्रालय, कृषि तथा पशुविकास मन्त्रालय, भूमि व्यवस्थापन, गरीबी निवारण तथा सहकारी मन्त्रालय, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय), राष्ट्रिय योजना आयोग तथा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगका सचिवहरु, सातवटै प्रदेश स्थित उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयका सचिवहरु, स्थानीय सरकारका प्रतिनिधिमुलक संघ संस्थाका प्रतिनिधिहरु तथा अन्य साझेदार संघ संस्थाका प्रतिनिधिहरु सदस्य तथा रेड कार्यान्वयन केन्द्रका प्रमुख सदस्य सचिव रहने गरी वहुपक्षीय, वहुसरोकारवाला उच्चस्तरीय नीतिगत संरचनाको रुपमा राष्ट्रिय रेडप्लस निर्देशक समिति रहेको छ ।

यस संरचनाको मुख्य उद्देश्यहरु रेड प्लस कार्यक्रम कार्यान्वयन गर्नका लागि नीति तथा कार्यक्रमहरुका बीच सामञ्जस्यता कायम गर्न आवश्यक वित्त एवं अन्तर मन्त्रालय समन्वय र सहकार्य जुटाउन सहयोग गर्ने रहेको छ । समग्र नीतिगत मार्गदर्शन गर्नुका साथै रेडप्लस कार्यान्वयन र यसमा विभिन्न क्षेत्र र सरोकारवालाहरुको प्रतिनिधित्व गराउने कुराको रेखदेख गर्ने कार्यक्षेत्र रहेको छ ।

१.३.२ राष्ट्रिय रेडप्लस समन्वय समिति

दोश्रो तहमा वन तथा वातावरण मन्त्रालयका सचिवज्यूको अध्यक्षतामा वन तथा वातावरण मन्त्रालय अन्तर्गतका विभिन्न महाशाखाका सहसचिवहरु, विभिन्न विभागका महानिर्देशकहरु, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र तथा रेड कार्यान्वयन केन्द्रका प्रमुख तथा अन्य साझेदार संघ संस्थाका प्रतिनिधिहरु समेत गरी २२ सदस्य रहने गरी राष्ट्रिय रेड प्लस समन्वय समिति रहने व्यवस्था छ । राष्ट्रिय रेड प्लस समन्वय समितिले रेडप्लस स्थायी समितिको बैठकका लागि विषयवस्तुहरु सिफारिस गर्ने, रेडप्लसको कार्यान्वयन र सोको अनुगमन गर्ने, अध्ययन अनुसन्धान प्रतिवेदनहरु अनुमोदन गर्ने लगायतका प्राविधिक प्रकृतिका कार्यहरु गर्दछ ।

१.३.३ रेड कार्यान्वयन केन्द्र

रेडप्लस सम्बन्धी दैनिक प्रशासनिक कार्यहरु संचालन गर्नका लागि वन तथा वातावरण मन्त्रालय अन्तर्गत रेड कार्यान्वयन केन्द्रको स्थापना गरिएको छ । यस केन्द्रमा वजेट तथा कार्यक्रम शाखा, दूर संवेदन तथा भू सुचना प्रणाली शाखा, जलवायु व्यवस्थापन शाखा र आर्थिक तथा प्रशासन शाखा रहेका छन् । यस केन्द्रको नियमित कार्य संचालनको लागि १३ जना कर्मचारीहरुको

दरबन्दी रहेको छ । यस सम्बन्धी विस्तृत विवरण चित्र नं. २ र ३ मा दिइएको छ । नेपालमा रेडको प्रभावकारी रुपमा तयारी र नतिजामूलक कार्यान्वयनको जिम्मेवारी पाएको रेड कार्यान्वयन केन्द्रको काम, कर्तव्यहरुमा मुख्यतया रेड प्लसको नतिजामुलक भुक्तानी प्राप्तिका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कोषहरु पहिचान गरी पहुँच पुर्याउने, रेडप्लस सम्बन्धी नीति निर्माण र निर्णयका लागि विभिन्न क्षेत्र र सरोकारवालाहरुसँग समन्वय गर्ने, वनक्षेत्रबाट हुने हरितगृह ग्याँस उत्सर्जनको विषयलाई नियमन गर्न समन्वय गर्ने, रेडप्लसबाट प्राप्त लाभको बाँडफाँटका लागि समन्वय गर्ने, रेडप्लसमा सुरक्षा कवच (Safeguard) को कार्यान्वयन र अनुगमनमा समन्वय गर्ने, राष्ट्रिय वन सूचना प्रणालीको स्थापना र सञ्चालन गर्ने, राष्ट्रिय रेडप्लस रणनीति र उत्सर्जन न्युनिकरण कार्यक्रम कार्यान्वयनका लागि समन्वय गर्ने, रेडप्लस सम्बन्धी अध्ययन अनुसन्धान तथा प्रकाशन र प्रचार प्रसार गर्ने, वन कार्वनको दर्ता, राष्ट्रिय वन अनुगमन प्रणालीको स्थापना र कार्बन मापन, प्रतिवेदन तयारी र प्रमाणिकरणको लागि वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रसँग समन्वय गर्ने, उत्सर्जन न्युनिकरण कार्यक्रम अनुसार निजी वनलाई प्रोत्साहन गर्नका लागि नीजि वन धनीहरुसँग सम्झौता गर्ने व्यवस्थाहरुको विकास गर्ने रहेका छन् ।



चित्र नं. २ : रेड कार्यान्वयन केन्द्रको साङ्गठनिक संरचना

१.४ रेडप्लस सम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था र रेड कार्यान्वयन केन्द्र

कार्बन सेवा, कार्बन संचिति, कार्बन उत्सर्जन न्यूनीकरण, कार्बन व्यापार र सोबाट प्राप्त लाभको बाँडफाँट जस्ता कार्य संघको कार्यक्षेत्रमा पर्ने र नेपाल सरकारले गर्नु पर्ने संबैधानिक, नीतिगत र कानुनी व्यवस्था रहेको छ । नेपालको प्रचलित संबैधानिक, नीतिगत तथा कानुनी व्यवस्था अनुसार पनि यी सम्बन्धी कार्यहरु संघ वा नेपाल सरकारको तर्फबाट हालसम्म यस केन्द्रले गर्दै आइरहेको छ ।

नेपालको संबिधान, २०७२ बमोजिम संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र कार्बन सेवा संघको अधिकार सुचि (अनुसूची ५) मा रहेको छ। वन ऐन, २०७६ मा कार्बन सेवा र सोबाट प्राप्त हुने सेवालाई वातावरणीय सेवाको रुपमा लिईएको (दफा २ (भ)) र कार्बन संचिति तथा उत्सर्जन न्यूनीकरणबाट प्राप्त लाभको व्यवस्थापन, उपयोग तथा लाभांसको बाँडफाँट नेपाल सरकारले निर्धारण गरे बमोजिम हुने (दफा ४४ (क)) उल्लेख छ। त्यसै गरि वातावरण संरक्षण ऐन, २०७६ मा नेपाल सरकारले कार्बन उत्सर्जन न्यूनीकरण र संचितिकरणका लागि अन्तर्राष्ट्रिय सन्धिहरूबाट स्थापित संयन्त्र, विदेशी सरकार वा संस्था, व्यवसायिक निकाय वा निजि क्षेत्रसँग हुने कार्बन व्यापारमा भाग लिन सक्ने व्यवस्था (दफा २८ (१)) रहेको छ ।

वन नीति, २०७५ मा कार्बन उत्सर्जन न्यूनीकरण गर्न काठको उत्पादन र सदुपयोग बढाउने साथै वन क्षेत्रबाट कार्बन उत्सर्जन न्यूनीकरणमा पुर्याइने योगदान बापत अन्तर्राष्ट्रिय संयन्त्रबाट भुक्तानी पाउने अवसरको उपयोग गरिने नीतिगत व्यवस्था रहेको पाइन्छ। राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ मा दिगो वन व्यवस्थापन अबलम्बन गरि वनको कार्बन संचिति बृद्धि गरिने, रेडप्लस मार्फत कार्बन संचिति बढाई प्राप्त आर्थिक लाभको न्यायोचित वितरण गरिने, रेडप्लस र कार्बन व्यापार, आदिबाट वित्तीय श्रोत प्राप्ति र परिचालन गरिने उल्लेख छ। नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम कार्बन सेवा र कार्बन संचिति नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयको कार्यक्षेत्रमा रहेकोमा वन बिनास र वनको क्षयीकरण रोकी वनको दिगो व्यवस्थापन मार्फत कार्बन संचिति बढाई कार्बन व्यापार गर्ने सम्बन्धी काम यस केन्द्रको कार्यजिम्मेवारीमा पर्दछ।

हालको रेड कार्यान्वयन केन्द्र (प्रस्तावित राष्ट्रिय रेडप्लस केन्द्र) को कार्यक्रम र कार्य जिम्मेवारी देहाय बमोजिम छन् :

- नेपालको वनस्रोतलाई कार्बन ब्यापारमा लैजान आधारहरू तयार गर्ने सम्बन्धी ।
- वन कार्बन उत्सर्जन न्युनीकरण कार्यक्रम लगायत रेडप्लस रणनीतिको कार्यान्वयन तथा अनुगमन सम्बन्धी ।

- वन कार्बन संचिति तथा उत्सर्जन न्युनीकरणको नतिजामा आधारित भुक्तानीको दावी सम्बन्धी।
- वनस्रोतको दिगो व्यवस्थापन सम्बन्धी ।
- वन विनास तथा वनको क्षयीकरण नियन्त्रणका लागि समन्वय सम्बन्धी ।
- वनस्रोतबाट प्राप्त हुने कार्बन तथा गैह्रकार्बन लाभहरुको पहिचान गरी तिनको दिगो उपयोगको व्यवस्था सम्बन्धी ।
- रेडप्लससँग सम्बन्धित रणनीति, योजना, कार्यक्रम, संझौता, प्रचारप्रसार तथा क्षमता अभिवृद्धि सम्बन्धी ।
- रेडप्लसमा कार्यरत संघसंस्था, दातृ निकायसंग समन्वय र सहकार्य गरी नेपालको समग्र रेडप्लस प्रक्रिया र विकासलाई दिशा निर्देश गर्ने सम्बन्धी ।
- रेडप्लससंग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय, वित्त प्रवन्ध, अन्तर्राष्ट्रिय वार्ता, गुनासो व्यवस्थापनको समन्वय, अध्ययन अनुसन्धानको प्रकाशन सम्बन्धी ।
- कार्बन तथा गैरकार्बन लाभहरुको न्यायोचित बाँडफाँट सम्बन्धी ।
- रेडप्लसको तयारी, कार्यान्वयन, क्षमता अभिवृद्धि, ज्ञानको व्यवस्थापन, नतिजामा आधारित भुक्तानी आदिका लागि प्रस्ताव लेखन, प्रस्तुति तथा पैरवी गर्ने सम्बन्धी ।
- रेडप्लससंग सम्बन्धित अन्तर्राष्ट्रिय निकायको सम्पर्क बिन्दु भई काम गर्ने सम्बन्धी ।
- वन कार्बनको संरक्षण तथा संचिति बढाउने कार्यहरु सम्बन्धी ।
- रेडप्लस वा अन्य कार्बन ब्यापार संयन्त्रमा समावेश हुन चाहने निजी वन धनीहरुलाई आवद्ध गराउने सम्बन्धी ।
- रेडप्लस लगायत कार्बन उत्सर्जन न्युनीकरण तथा कार्बन संचितिसँग सम्बन्धित वातावरणीय तथा सामाजिक सुरक्षा सम्बन्धी ।
- रेडप्लससंग सम्बन्धित जैविक विविधता अनुगमनको तयारी तथा कार्यान्वयन सम्बन्धी ।
- कार्बन रजिष्ट्री, राष्ट्रिय वन सूचना प्रणाली, सुरक्षा सूचना प्रणाली व्यवस्थापन सम्बन्धी ।
- अन्य सम्बन्धित कार्यहरु ।

१.४.१ बजेट तथा कार्यक्रम शाखा

- रेड कार्यान्वयनको लागि आबश्यक पर्ने नीति तथा रणनीतिको तर्जुमा गर्ने ।
- दिर्घकालीन, अल्पकालीन र आवधिक योजना तथा कार्यक्रमहरु तर्जुमा गरी तोकिएको समय भित्र प्रमुख समक्ष पेश गर्ने ।

- बैठक, सभा, सम्मेलन, अध्ययन भ्रमण, आदि वारे कार्यक्रम स्वीकृत गराई कार्यान्वयन गर्ने ।
- कार्यक्रम आयोजनाको मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रमुख समक्ष पेश गर्ने ।
- दातृ निकायलाई पठाउनु पर्ने प्रगति विवरणहरु समयमै तयार गरी प्रमुख समक्ष स्वीकृतिको लागि पेश गर्ने ।
- Midterm Review, Emission Reduction- Programme Idea Note / Readiness-Package तयारी (R-PP) गर्ने कार्यमा यस केन्द्रबाट सहयोगी निकायसँग समन्वय गर्ने र भए गरेको प्रगतिको जानकारी प्रमुखलाई गराउने ।
- R-PP कार्यान्वयनको चरणमा गर्नुपर्ने प्रचार प्रसार एवं क्षमता अभिबृद्धि कार्यक्रमको लागि आवश्यक पर्ने मार्गचित्र तयार गरी प्रमुख समक्ष पेश गर्ने ।
- रेडप्लस नमुना परिक्षण (Piloting) बाट प्राप्त भएका सिकाई र अभ्यासहरुको जानकारी-विवरण संकलन गरी मस्यौदा तयार गरी प्रमुख समक्ष पेश गर्ने ।
- रेडप्लस नमुना परिक्षण (Piloting) सम्बन्धी विवरण अध्यावधिक गरी Website update गर्न सहयोग गर्ने ।
- रेड सम्बन्धी प्रचार प्रसार सामग्री तयारी, उत्पादन गर्न मस्यौदा सहित प्रमुख समक्ष पेश गर्ने ।
- यस केन्द्रको Outreach Plan तयार गरी सो को कार्यान्वयन गर्न आबस्यक पर्ने श्रोत र कार्यान्वयनको रुपरेखा तयार गरी प्रमुख समक्ष पेश गर्ने ।
- रेड कार्य समुह र बहुसरोकारवालाहरुको बैठक-गोष्ठीको लागि आबस्यक पर्ने तयारी गर्ने र भएका निर्णय एवं छलफलका बुँदाहरु टिपोट गरी प्रमुख समक्ष पेश गर्ने ।
- तोकिएका अन्य कार्यहरु गर्ने ।

१.४.२ जलवायु व्यवस्थापन शाखा

- जलवायु परिवर्तन समानुकूलन सम्बन्धी आयोजनाको अवधारणापत्रहरु तयार गरी केन्द्र प्रमुख समक्ष पेश गर्ने ।
- पारिस्थितिक तथा समुदायमा आधारित समानुकूलन सम्बन्धी कार्यक्रम वारे अवधारणापत्र तयार गरी केन्द्र प्रमुख समक्ष पेश गर्ने ।
- वनमा आधारित समानुकूलन कार्यक्रमको सम्पर्क विन्दु (Focal Point) को रुपमा रही कार्यक्रमहरुको समन्वय गर्ने ।

- नमुना परीक्षणका रुपमा कार्यान्वयन भईरहेका समानुकूलन कार्यक्रमहरुको विवरण अद्यावधिक गरी प्रतिवेदन तयार गर्ने ।
- यस शाखाको कार्यसँग सम्बन्धित विषयमा अध्ययन, तालिम, गोष्ठी, सेमिनार, आदि सञ्चालनको लागि लागत अनुमान सहित कार्यक्रम स्वीकृत गराई कार्यान्वयन गर्ने ।
- आफ्नो शाखाबाट सम्पादित कार्यको मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रमुख समक्ष पेश गर्ने ।
- तोकिएका अन्य कार्यहरु गर्ने ।

१.४.३ दूर संवेदन तथा भू सुचना प्रणाली शाखा

- यस शाखाबाट मापन, प्रतिवेदन र प्रमाणिकरण (MRV) सँग सम्बन्धित अध्ययन अनुसन्धान सम्बन्धी कार्यहरु गर्ने सेवा प्रदायकलाई सहजिकरण गर्ने एवं विषयगत प्राविधिक समितिमा नेतृत्वदायी भुमिका निर्वाह गर्ने ।
- रेड कार्यान्वयनको लागि आवस्यक पर्ने कार्बन मापन, अनुगमन प्रतिवेदन प्रमाणिकरणसँग सम्बन्धित विषयवस्तुमा गरिने अध्ययन अनुसन्धान कार्यमा सक्रिय रुपमा सहभागी भई अभिलेख अद्यावधिक गर्ने ।
- कार्बन मापन र आँकलन गर्ने सम्बन्धी सञ्चालित Piloting कार्यलाई रेड कार्यान्वयन केन्द्रको तर्फबाट समन्वय र सहजिकरण गर्ने ।
- यस शाखासँग सम्बन्धित अध्ययनहरुमा संलग्न सेवा प्रदायकसँग Focal Point को रुपमा रहि प्रक्रिया र विधि बारे पुर्ण जानकारी राख्ने ।
- आफ्नो शाखाबाट सम्पादित कार्यको मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रमुख समक्ष पेश गर्ने ।
- वन मापन र अनुगमन प्रतिवेदन तयारी सम्बन्धी नविनतम प्राविधिक ज्ञान बारे अध्ययन-अनुसन्धान गरी सहकर्मि बिचमा छलफल-प्रसार गर्ने ।
- यस शाखाको कार्यसँग सम्बन्धित विषयमा तालिम, गोष्ठी, सेमिनार सञ्चालनको लागि कार्यक्रम स्वीकृत गराई कार्यान्वयन गर्ने ।
- तोकिएको अन्य कार्यहरु समेत गर्ने ।

१.४.४ आर्थिक प्रशासन शाखा

- आयोजना लेखा तयार गर्ने ।
- समयमै सोधभर्ना माग गर्ने ।

- विनियोजित रकम बाँडफाँट तथा खर्चको फाँटवारी तयार गर्ने ।
- आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने ।
- लेखा परीक्षण गराउने ।
- वेरुजुको लगत राखि फर्छ्यौट गर्ने, गराउने तथा सम्परिक्षण गराउने ।
- आवधिक प्रतिवेदन तालुक निकायमा पठाउने ।
- तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने ।

१.४.५ प्रदेशस्तरमा प्रदेश वन निर्देशनालय अन्तर्गत रेड फोकल डेस्क

- प्रदेश स्तरमा रेडप्लस सम्बन्धी कार्यहरुको समन्वय गर्ने ।
- रेड कार्यान्वयन केन्द्रसँगको समन्वयमा स्वीकृत कार्यक्रमहरु कार्यान्वयन गर्ने ।
- स्थानीय तह तथा समुदायहरुसँग प्रदेश स्तरमा समन्वय गर्ने ।
- रेडप्लस सम्बन्धी क्रियाकलापहरुको कार्यान्वयनमा समन्वयको कार्य गर्ने ।



चित्र नं. ३ : रेड कार्यान्वयन केन्द्रको दरबन्दी संरचना

भाग २

सम्पन्न क्रियाकलापहरूको विवरण

२.१ राष्ट्रिय वन श्रोत सर्वेक्षण तथा अनुसन्धानका लागि आवश्यक वैज्ञानिक उपकरण खरिद

राष्ट्रिय वन श्रोत सर्वेक्षण तथा अनुसन्धानका लागि आवस्यक वैज्ञानिक उपकरणहरुको अभावमा वन श्रोत सर्भेक्षण तथा अनुसन्धानका काममा समस्या हुँदै आएको तथा यस्ता उपकरणको अभावमा भए गरेका श्रोत सर्भेक्षणका काम समेत चुस्त दुरुस्त हुन नसकि श्रोत सर्भेक्षण तथा अनुसन्धानको नतिजामा समेत असर परेको अवस्थालाई मध्यनजर गरि वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको क्षमता सुदृढिकरण गर्नको लगि यस प्रकारको कार्यक्रम आवस्यक परेको हो । यस कार्यक्रम अन्तर्गत Tomograph १ थान, Digital Vernier Calliper २ थान र Differential GPS २ थान खरिद गरि यी सबै उपकरणहरु वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रलाई हस्तान्तरण गरिएको छ । यस कार्यक्रमको लागि आ.व. २०७८/७९ मा रु. १,००,००,०००।- वजेट विनियोजन भएकोमा काम सम्पन्न गर्दा जम्मा रु ८७,८५,०००।- खर्च हुन गएको छ ।

२.२ Safeguard Information System Design and Operationalize

रेड सम्बन्धी कार्यक्रमहरु कार्यान्वयनको कारणले आदिवासी, जनजाती, महिला तथा विपन्न लगायतका समुदायहरुमा पर्न सक्ने नकारात्मक असरबाट उनीहरुलाई जोगाउनको लागि आवस्यक सुचना प्रदान गर्ने उद्देश्यले यो कार्यक्रम आवस्यक परेको हो । यस कार्यक्रम अन्तर्गत राष्ट्रिय स्तरमा एउटा सेफगार्ड सुचना प्रणाली निर्माण गरिएको छ । यो सेफगार्ड सुचना प्रणाली पुर्ण रुपमा संचालन भएपछि रेड कार्यान्वयन संग सम्बन्धित सरोकारवालाहरुले सेफगार्ड सम्बन्धी विकसित तौरतरिका, नीति नियम, सिद्धान्तहरु तथा प्रावधानहरु सम्वन्धमा सहज रुपले सुचना प्राप्त गर्न सक्नेछन । यो कार्यक्रम संचालनको लागि आ.व. २०७७/७८ मा रु. ७५,००,०००।- वजेट विनियोजन भएकोमा विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसको समस्याको कारणले सत प्रतिसत लक्ष्य हासिल गर्न नसकेतापनि सेवा प्रदायक छनौट गरि प्रारम्भिक कामहरु शुरु भएका थिए । यस कामको लागि आ.व. २०७७/७८ मा रु. २१,३०,०००।- खर्च हुन गएको तथा यस सम्बन्धी आ.व. २०७७/७८ मा हुन नसकेका बाँकि कामको लागि सेवाप्रदायकलाई म्याद थप गरिदिई आ.व. २०७८/७९ मा सेफगार्ड सुचना प्रणाली निर्माणको कामले पुर्णता पाएको

छ । सेफगार्ड सुचना प्रणाली sis.redd.gov.np/sis मा हेर्न सकिने छ । आ.व. २०७८/७९ यस कामको लागि रु १५,००,०००। वजेट विनियोजन भएकोमा कार्यक्रम सम्पन्न गर्दा रु १३,६२,०००। खर्च हुन गएको छ ।

२.३ उत्सर्जन न्यूनीकरण कार्यक्रम अन्तर्गतका जिल्लाहरुलाई रुख मापन गर्ने उपकरण खरिद तथा बितरण

उत्सर्जन न्यूनीकरण कार्यक्रम लागु भएका नेपालको तराई क्षेत्रका १३ जिल्लाहरु स्थित डिभिजन वन कार्यालयहरुको प्राविधिक क्षमतामा सुधार ल्याई तत् जिल्लाहरुमा संचालन हुने उत्सर्जन न्यूनीकरण सम्बन्धी क्रियाकलापहरु सरल र सहज ढंगले संचालन हुन सकुन भन्ने उद्देश्यले यस प्रकारको कार्यक्रमको आवस्यकता महसुस गरिएको हो । यस कार्यक्रम अन्तर्गत Diameter Tape ११० थान, Linear Tape ३३० थान र Range Finder ४ थान खरिद गरि यि उत्सर्जन न्यूनीकरण कार्यक्रम लागु भएका जिल्लाहरुलाई हस्तान्तरण गर्ने काम हुँदै गरेको छ । यस कार्यक्रमको लागि आ.व. २०७८/७९ मा रु. ८०,००,०००।- वजेट विनियोजन भएकोमा काम सम्पन्न गर्दा जम्मा रु १०,००,०००।- खर्च हुन गएको छ ।

२.४ वन वृद्धि र जलवायु परिवर्तन अन्तरसम्वन्ध अध्ययन गर्ने प्रयोगशाला सुदृढिकरण

वनको बृद्धि विकाशमा विभिन्न कारणहरुले पार्ने असरहरुको अध्ययन गर्नको लागि आधुनिक उपकरणहरुको अभावमा जलवायु परिवर्तन र वनको बृद्धि बिचको अन्तरसम्बन्ध अध्ययन गर्ने प्रयोगशालाले प्रभावकारी ढंगले आफ्ना कृयाकलाप संचालन गर्न कठिनाई परिराखेको अवस्थालाई मध्यनजर गरि वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रस्थित Dendrochronology Lab को सुदृढिकरणको लागि यस किसिमको कार्यक्रम आवस्यक परेको हो । यस कार्यक्रम अन्तर्गत Binocular Microscope with Integrated Camera Set १ थान, Increment Borer हरु १६ इन्च, १८ इन्च, २० इन्च र २४ इन्चको १-१ सेट गरि जम्मा ४ सेट खरिद गरि यि सवै उपकरणहरु वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रलाई हस्तान्तरण गरिएको छ । यस कार्यक्रमको लागि आ.व. २०७८/७९ मा रु. २०,००,०००। वजेट विनियोजन भएकोमा काम सम्पन्न गर्दा जम्मा रु. ९,९०,०००।- खर्च हुन गएको छ ।

२.५ प्रदेश मन्त्रालय, निर्देशनालयहरुसँग छलफल अन्तरकृयाका लागि कन्ट्रोल रुम तयार गर्ने

रेड कार्यान्वयन केन्द्र र प्रदेश मन्त्रालय तथा निर्देशनालयहरु बिचमा हुने संचारलाई प्रभावकारी बनाई कार्य वातावरणमा सुधार ल्याउने तथा यि निकायहरु बिचमा हुने समन्वयलाई थप

मजवुत बनाई उत्सर्जन न्यूनीकरण सम्बन्धी क्रियाकलापहरुलाई छिटो छरितो र चुस्त दुरुस्त ढंगले संचालन गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले कन्ट्रोल रुम तयार पार्ने काम गरिएको हो । यस कार्यक्रम अन्तर्गत रेड कार्यान्वयन केन्द्रको सभा हलमा Display Board 65 inch १ थान, Conference Camera १ थान र Speaker १ थान जडान गरि कन्ट्रोल रुम तयार गरिएको छ। यस कार्यक्रमको लागि आ.व. २०७८/७९ मा रु. ५,००,०००।- वजेट विनियोजन भएकोमा काम सम्पन्न गर्दा जम्मा रु ४,९६,०००।- खर्च भएको देखिन्छ ।

२.६ राष्ट्रिय वन तथ्याङ्क प्रणाली स्थापना र संचालन

वन सम्बन्धी सुचना, तथ्यांङ्क र जानकारीहरू एकत्रित गरी तथ्यांक व्यवस्थापन र प्रकाशन कार्य सरल, सहज र दीगो रूपमा भण्डारण, व्यवस्थापन, संचालन गर्नको लागि राष्ट्रिय वन तथ्याङ्क प्रणाली स्थापना र संचालन गर्ने कार्यक्रम राखिएको हो । यो कार्यक्रम सम्पन्न भई संचालनमा आएपश्चात देशभरिका वन सम्बन्धी सुचना, तथ्यांङ्क र जानकारीहरु एकै वेभसाईटमा विश्वभरीबाट प्राप्त गर्न सक्ने सुविधा उपलव्ध हुनेछ । यस कार्यक्रम कार्यान्वयनको क्रममा आ.व. २०७७।७८ मा सेवा प्रदायक छनौट गरि काम भैरहेको अवस्थामा विश्वव्यापी कोरोना भाइरसको महामारीका कारणले गर्दा नेपाल सरकारले राष्ट्रव्यापी वन्दावन्दि घोषणा गरेकोले विभिन्न प्रदेशहरुमा भ्रमण गरि गर्नुपर्ने कामहरु प्रभावित भै यो कार्यक्रममा सत प्रतिसत प्रगति हुन सकेन । यो काम पुर्ण रुपमा सम्पन्न गर्न नसकेतापनि सेवा प्रदायक संस्थाले सम्झौता बमोजिम विभिन्न चरणका कामहरु गरेकाले पहिलो र दोश्रो किस्ता भुक्तानी समेत गरिएको थियो । यसै सम्बन्धी अन्तिम चरणका केहि बाँकि कामहरु गर्नको लागि सेवा प्रदायकलाई आ.व. २०७८।७९ मा समेत म्याद थप गरि कार्य सम्पन्न भएको छ । राष्ट्रिय वन तथ्याङ्क प्रणालीको तयारी स्वरुप nfis.redd.gov.np/nfis मा उपलब्ध छ । यो कार्यक्रमको लागि आ.व. २०७८।७९ मा कुल रु. २३,००,०००। वजेट व्यवस्था भएकोमा काम सम्पन्न गर्दा सत प्रतिसत रु. २३,००,०००। वजेट खर्च भएको थियो ।

२.७ सम्बृद्धिको लागि वन परियोजनाको आधार रेखा सर्भेक्षण

सम्बृद्धिको लागि वन परियोजना कार्यान्वयन भैसकेपछि देखिन सक्ने सकारात्मक र नकारात्मक परिणामहरुको मापन गर्नको लागि उक्त परियोजनाको आधार रेखा सर्भेक्षण गरिराख्नुपर्ने भएकोले यो कार्यक्रम आवस्यक परेको हो । यस कार्यक्रम कार्यान्वयनको क्रममा आ.व. ०७७।७८ मा सेवा प्रदायक छनौट गरि काम भैरहेको अवस्थामा विश्वव्यापी कोरोना भाइरसको महामारीका कारणले गर्दा नेपाल सरकारले राष्ट्रव्यापी बन्दाबन्दि घोषणा गरेकोले मधेश प्रदेश र लुम्विनी प्रदेशका विभिन्न स्थानहरुमा भ्रमण गरि गर्नुपर्ने कामहरु प्रभावित भै यो कार्यक्रम पुर्ण रुपमा सम्पन्न हुन सकेन । यो काम पुर्ण रुपमा सम्पन्न गर्न नसकेतापनि सेवा प्रदायक संस्थाले सम्झौता वमोजिम

विभिन्न चरणका कामहरु गरेकाले आ.व. ०७७।७८ मा पहिलो किस्ता वापतको रकम मात्र भुक्तानी गरिएको थियो । यसै सम्बन्धी बाँकि कामहरु पुरा गर्नको लागि सोहि सेवा प्रदायकलाई आ.व. ०७८।७९ मा समेत म्याद थप गरि हाल कार्य सम्पन्न भैसकेको छ । यस कार्यक्रमको लागि आ.व. ०७८।७९ मा कुल रु. ५३,००,०००।- वजेट व्यवस्था भएकोमा सबै काम सम्पन्न गर्दा कुल रू. ५२,७७,०००।- खर्च हुन गयको छ ।

२.८ रेड प्लस सम्बन्धी आवस्यकतामा आधारित अध्ययन

केन्द्रले स्विकृत कार्यक्रममा परेका कार्यक्रमहरु कार्यान्वयनको सिलसिलामा आवश्यकता महशुस गरेको तथा दातृ निकायले समय समयमा भएका मिसनको क्रममा अनुभवको आधारमा माग गर्ने विभिन्न अध्ययन प्रतिवेदन तयारी लगायत आवस्यकता महसुस गरिएका तर वार्षिक कार्यक्रममा प्रस्ताव नगरिएका विभिन्न अध्ययन सर्वेक्षण सम्बन्धी कृयाकलापहरु संचालन गरि कार्यक्रमको प्रभावकारिता अभिबृद्धि गर्नको लागि यस प्रकारको कार्यक्रम तर्जुमा गरिएको हो । यस कार्यक्रम अन्तर्गत आर्थिक वर्षको जुनसुकै समयमा कार्यालयले आवस्यकता महसुस गरेका कार्यालयमा रेड प्लस कार्यक्रमसँग सम्बन्धित विविध आवस्यकिय अध्ययन-सर्भेक्षणहरु संचालन गर्ने गरिएको छ । Emission Reduction Program Document स्वीकृत भएको वर्ष २०१८ देखि Emission Reduction Payment Agreement भएको अवधि २०२१ सम्मको कार्बन संचिति अभिवृद्धिको भुक्तानी दाबी गर्नको लागि उक्त अवधिमा भएगरेका कृयाकलापहरु विश्व बैंकको Environment and Social Management Framework अनुसारनै संचालन भएको प्रमाण आवस्यक भएकोले आ.व. २०७८।७९ मा यसै सम्बन्धी Safeguard Consistency Report तयार पार्ने काम सम्पन्न गरिएको छ । यो कार्य सम्बन्धित बिषय बिज्ञ डा. यादव कँडेल मार्फत सेवा खरिद गरी सम्पन्न गरिएको थियो । यस किसिमका तिनवटा कार्यक्रम सञ्चालनको लागि रु. १५,००,०००।- वजेट व्यवस्था भएकोमा एकवटा मात्र कृयाकलाप संचालन गर्दा कुल १,२३,०००।- रकम खर्च भएको थियो ।

२.९ वन विस्तार गर्न सकिने सम्भाव्य क्षेत्रहरुको नक्सांकन गर्ने

देशभरिका विभिन्न स्थानमा छरिएर रहेका नाङ्गा पाखा तथा खालि जग्गाहरुको विवरण संकलन गरि कुन कुन स्थानमा के कति क्षेत्रमा यस्ता खालि जग्गाहरु वृक्षारोपणको लागि उपलव्ध छन् भनि तथ्याङ्क संकलन गर्नको लागि यो कार्यक्रम आवस्यक परेको हो । यस कार्यक्रम अन्तर्गत निजी तथा सार्वजनिक स्वमित्वका ०.५ हेक्टर भन्दा वढि क्षेत्रफलका खालि जग्गाहरुको विवरण संकलन गरि त्यस्ता जग्गाहरुमा के कस्तो तरिकाले वन विस्तार गर्न सकिन्छ भनि कार्य योजना सहितको राष्ट्रिय स्तरको दस्तावेज तयार गर्ने कार्यक्रम रहेको थियो । यो कार्यक्रम संचालनको लागि आवस्यक सम्पुर्ण प्रकृया पुरा गरि श्री Grid Consult-RIDC-Hydrocon JV लाई सेवा प्रदायक संस्थाको रुपमा छनौट गरिएको थियो ।

यस कार्यक्रमको लागि कुल रु. ८०,००,०००।- वजेट व्यवस्था भएकोमा सम्पुर्ण रुपमा काम सम्पन्न गर्दा कुल रु. २७,९०,०००।- खर्च भएको थियो ।

२.१० उत्सर्जन न्यूनीकरण कार्यक्रम लागु हुने जिल्लाबाट तथ्यांक संकलनका लागि कम्प्युटर, आदि खरिद

रेड कार्यान्वयन केन्द्रले संचालनमा ल्याएको राष्ट्रिय वन तथ्यांक प्रणाली संचालन गर्न आवस्यक तथ्यांक संकलन गर्नको लागि उत्सर्जन न्यूनीकरण कार्यक्रम लागु भएका जिल्लाहरुको व्यवस्थापकिय क्षमता सुदृढ गरि उक्त जिल्लाहरुबाट सहज रुपमा तथ्यांक संकलन हुन सकोस् भनि यो कार्यक्रम आवस्यक परेको हो । यस कार्यक्रम अन्तर्गत ल्यापटप कम्प्युटर २६ थान, डेस्कटप कम्प्युटर २२ थान, मल्टिमिडिया प्रोजेक्टर २० थान, डिजिटल स्क्रिन ६ थान र राष्ट्रिय वन तथ्यांक प्रणाली सम्बन्धी सफ्टवेयर १ प्याकेज खरिद गरिएको छ । यसरि खरिद गरिएको सफ्टवेयर वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको वेभ पोर्टल frtc.gov.np मा Integrated Forest Geo portal मार्फत संचालनमा ल्याइएको छ भने ल्यापटप, डेस्कटप, मल्टिमिडिया प्रोजेक्टर र डिजिटल स्क्रिनहरु उत्सर्जन न्यूनीकरण कार्यक्रम लागु भएका जिल्लाहरुलाई वितरण गरिएको छ । यस कार्यक्रमको लागि कुल १,००,००,०००।- वजेट व्यवस्था भएकोमा सम्पुर्ण खरिद प्रकृया पुरा गर्दा जम्मा रु. ९५,७८,०००।- खर्च हुन गएको छ ।

२.११ वन कार्बन मापन क्षमता अभिवृद्धिका लागि सामग्री खरिद

वन कार्बन मापनका लागि आवस्यक वैज्ञानिक उपकरणहरुको अभावमा वनमा संचित कार्बनको सर्भेक्षण तथा अध्ययन अनुसन्धानका काममा समस्या हुदै आएको अवस्थालाई मध्यनजर गरि वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको वन कार्बन मापन सम्बन्धी क्षमता सुदृढिकरण गर्नको लगि यस प्रकारको कार्यक्रम आवस्यक परेको हो । यस कार्यक्रम अन्तर्गत Automatic Micrometer ३ थान, अटोमेटिक माइक्रोटोम १ थान, र Vertex १८ थान खरिद गरि यि सवै उपकरणहरु वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रलाई हस्तान्तरण गर्ने क्रममा रहेका छन् । यस कार्यक्रमको लागि आ.व. २०७८/७९ मा रु. १,००,००,०००।- वजेट विनियोजन भएकोमा काम सम्पन्न गर्दा जम्मा रु ८६,०९,०००।- खर्च हुन गएको छ ।

२.१२ वन डढेलो नियन्त्रणका लागि सामग्री उपकरण खरिद

उत्सर्जन न्यूनीकरण कार्यक्रम लागु भएका जिल्लाहरुमा वन डढेलोबाट हुने उत्सर्जन न्यूनीकरण गर्न सहयोग पुर्याउने उद्देश्यले यो कार्यक्रम आवस्यक परेको हो । यस कार्यक्रम अन्तर्गत Fire Rake-hoe २०० थान, Face Mask २०० पिस, Jump-suit २०० थान, Head Torch २०० थान,

Water Bottle २०० थान, First Aid Kit ५० बक्स, Helmet २०० थान, Socks २०० जोडि, Fire Boot २०० जोडि, Gloves २०० जोडि र Fire Swatter २०० थान खरिद गरि उक्त सबै समानहरु उत्सर्जन न्यूनीकरण कार्यक्रम लागु भएका डिभिजन वन कार्यालयहरुलाई हस्तान्तरण गरिएको छ । यस कार्यक्रमको लागि आ.व. २०७८/७९ मा रु. १,००,००,०००।- वजेट विनियोजन भएकोमा काम सम्पन्न गर्दा जम्मा रु ४९,२३,०००।- खर्च हुन गएको छ ।

२.१३ स्कुटर-मोटरसाइकल खरिद

उत्सर्जन न्यूनीकरण कार्यक्रम लागु भएका जिल्लाहरुस्थित डिभिजन वन कार्यालयहरु, तत् डि.व.का. हरुसँग सम्बन्धित प्रदेशका वन निर्देशनालयहरु तथा वन तथा वातावरण मन्त्रालय र रेड रेडिनेस कार्यक्रमसँग सम्बन्धित विभागहरुको क्षमतामा सुधार ल्याउने उद्देश्यले यस कार्यक्रम अन्तर्गत स्कुटर तथा मोटरसाइकलहरु खरिद गरि वितरण गर्ने कार्य भैरहेको छ । यस कार्यक्रमको लागि आ.व. २०७८/७९ मा रु. १,०५,००,०००।- बजेट विनियोजन भएकोमा २९ थान मोटरसाइकल र ६ थान स्कुटर खरिद गर्ने काम सम्पन्न गर्दा कुल रु ९७,२३,०००।- खर्च हुन गएको छ ।

२.१४ Allometric Equation of Major Species

देशका विभिन्न भागमा रहेका राष्ट्रिय वन र संरक्षित क्षेत्रभित्र रहेका रुखहरुमा कार्बनसञ्चितिको दर मापन गरि सो को तथ्याङ्क विश्लेषण गरेर नेपालको आफ्नै एलोमेट्रिक समिकरण तयार गर्नुपर्ने आवस्यकता रहेकोले यो कार्यक्रम संचालन गर्नु परेको हो ।यस प्रकारको कार्यक्रमको लागि विगत आ.व. हरुमा समेत वजेट व्यवस्था हुने तर विविध कारणले काम हुन नसकेको अवस्थामा आ.व. २०७८/७९ मा पनि परामर्शदाता संस्था छनोट भैसकेतापनि काम गर्ने समयावधि अपुग भएका कारण परामर्शदाता संस्थासँग सम्झौता नगरि कार्यक्रम रद्ध गर्नुपरेको कारणले यो काम हुन सकेन । यस कार्यक्रमको लागि आ.व. २०७८/७९ मा रु. ७,५०,००,०००। वजेट विनियोजन भएकोमा परामर्शदाता छनोट गर्ने क्रममा आशयपत्र मूल्यांकन तथा प्रस्ताव पत्र मूल्यांकन सम्बन्धी प्रसासनिक काम, आदि गर्दा जम्मा रु ८,६९,०००। खर्च हुन गएको छ ।

२.१५ वन क्षयीकरणबाट हुने कार्बन उत्सर्जन र कार्बन शोषण सम्बन्धी अध्ययन गरि नेपालको वन आधार तह अपडेट गर्ने

वन क्षयीकरणका कृयाकलापहरू जस्तैः चरीचरण, वन डढेलो, काठ दाउरा कटानी लगायतका ४ वटा कृयाकलापहरूबाट के कति कार्बनउत्सर्जन गर्दछन् ? भन्ने सन्दर्भमा अध्ययन कार्य सम्पन्न गर्न आ.व. २०७७/७८ मा कुल रु. २,००,००,०००।- वजेट व्यवस्था भएको

थियो । त्यसैगरी वनको कार्बनसंचिती अभिबृद्धि सम्बन्धी १ वटा अध्ययन गर्नको लागि रु. ५०,००,०००।- वजेट व्यवस्था भएको थियो । यी ५ वटै अध्ययन कृयाकलापहरू एकै प्रकृतिका भएकोले सबै अध्ययनहरुलाई (Packaging) गरी एकमुष्ठ रुपमा एउटै कृयाकलापको रूपमा संचालन गरिएको थियो । उक्त कार्यक्रमहरु सेवा प्रदायक मार्फत संचालन गर्नको लागि सेवा प्रदायक छनौट गरि सम्झौता गरिएको तथा सेवा प्रदायकले प्रारम्भिक चरणका कामहरु समेत शुरु गरिसकेको अवस्थामा विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरसको कारणले नेपाल सरकारले लामो समयसम्म वन्दावन्दिको घोषणा गरेकोले आ.व. २०७७/७८ मा सम्पुर्ण काम सम्पन्न गर्न सम्भव नभएकोले सम्झौता गरिएकै सेवा प्रदायकलाई आ.व. २०७८/७९ मा उक्त काम सम्पन्न गर्नको लागि म्याद थप गरि काम सम्पन्न गरिएको छ । यस कार्यक्रमको लागि आ.व. २०७८/७९ मा रु. १,१५,००,०००।- वजेट विनियोजन भएकोमा सबै काम सम्पन्न गर्दा जम्मा रु १,०४,९७,०००।- खर्च भएको थियो ।

२.१६ स्थानीय स्तरमा भैरहेको विभिन्न वन व्यवस्थापनमा ब्यबहारिक पक्ष सम्बन्धी अध्ययन

यस कार्यक्रम अन्तर्गत चितवन जिल्लामा एक अध्ययन सम्पन्न गरिएको छ । यस अध्ययनमा चितवन जिल्लामा २ वटा कवुलियती वन, २ वटा सामुदायिक वन र २ वटा निजी वनलाई समेटिएको छ । उपरोक्त वनहरुमा अपनाइएको वन व्यवस्थापनका पद्धतिहरुको अध्ययन विश्लेषण गरि यिनिहरुका सकारात्मक पक्षहरुलाई समग्र तराई भू परिधि क्षेत्रमा लागु गर्नको लागि यो अध्ययनको आवस्यकता परेको हो । यस कार्यक्रमको लागि आ.व. २०७८/७९ मा रु. ५,००,०००।- वजेट विनियोजन भएकोमा सवै काम सम्पन्न गर्दा जम्मा रु ४,९७,०००।- खर्च भएको थियो ।

२.१७ जैविक मार्गहरुमा कार्बन सञ्चिति सम्बन्धी अध्ययन

नेपालमा हालसम्म वन्यन्तुका वासस्थानहरु जोडने हिसावले मुख्य भुमिका खेल्ने ७ वटा जैविक मार्गहरु पहिचान गरिएका छन् । यि जैविक मार्गहरुको संरक्षणबाट वन कार्बन संचितिमा पर्न सक्ने प्रभाव सम्वन्धमा आ.व. २०७८/७९ मा रेड कार्यान्वयन केन्द्रले एक अध्ययन सम्पन्न गरेको छ । यस अध्ययन अनुसार जैविक मार्गहरुको संरक्षण र व्यवस्थापन मार्फत वन कार्बनसंचिति बढन सक्ने र सो कार्बनलाई कार्बन व्यापार संयन्त्र मार्फत नेपालले विक्रि गरि बित्तिय आम्दानी गर्न सक्ने देखिएको छ । यस कार्यक्रमको लागि आ.व. २०७८/७९ मा रु. ५,००,०००।- वजेट विनियोजन भएकोमा काम सम्पन्न गर्दा जम्मा रु ४,९२,०००।- खर्च भएको थियो ।

२.१८ शहरी उद्यान, जैविक विविधता र कार्बन सञ्चिति सम्बन्धी अध्ययन

यस अध्ययन को मुख्य उद्देश्य शहरी उद्यानहरुले गर्न सक्ने कार्बन संचितिको लेखाजोखा गर्नु हो । यो अध्ययन काठमाण्डौ उपत्यकामा पाइएका ३० वटा उद्यानहरुमा आधारित रहि अध्ययन गरिएको थियो । यस अध्ययन अनुसार शहरी उद्यानहरुको कार्बन संचितिको स्तर ५४.६० टन प्रति हेक्टर पाइएको छ । यस कार्यक्रमको लागि रु. ५,००,०००।- वजेट विनियोजन भएकोमा काम सम्पन्न गर्दा जम्मा रु ४,९४,०००।- खर्च भएको थियो ।

२.१९ नीजि वनमा कार्बन सञ्चिति सम्बन्धी अध्ययन

यस अध्ययनको मुख्य उद्देश्य तराई र पहाडमा अवस्थित निजी वनहरुको कार्बन संचितिको अवस्थाको तुलना गर्नु हो । यस अध्ययनमा पहाड क्षेत्रस्थित काभ्रेपलाञ्चोक जिल्लाबाट १६ वटा र तराई क्षेत्रलाई प्रतिनिधित्व गर्ने चितवन जिल्लाबाट १६ वटा गरि जम्मा ३२ वटा निजी वनहरु समेटिएका थिए । यस अध्ययन अनुसार पहाडका निजी वन भन्दा तराईका निजी वनको कार्बन संचिति २.८२ प्रतिशत बढि रहेको पाइएको छ । यस कार्यक्रमको लागि रु. ५,००,०००।- बजेट विनियोजन भएकोमा काम सम्पन्न गर्दा जम्मा रु ४,९६,०००।- खर्च भएको थियो ।

२.२० वायोमेट्रि सम्बन्धी तालिम

वन सम्बन्धी विभिन्न प्रकारका मापन कार्यको लागि कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले यस प्रकारको कार्यक्रमको आवस्यकता महसुस गरिएको हो। यस कार्यक्रम अन्तर्गत वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको तालिम हलमा ४ दिने Dendrochronology and Its Application बिषयक तालिम संचालन गरिएको थियो । यस तालिममा त्रिभुवन विश्व विद्यालय, कृषि तथा वन विश्व विद्यालय, वन तथा भू संरक्षण विभाग, रेड कार्यान्वयन केन्द्र र वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट सहभागिता भएको थियो । यसै कार्यक्रम अन्तर्गत वल्थलि भिलेज रिसोर्ट, पनौतीमा ५ दिने बायोमेट्रिक तालिम पनि संचालन गरिएको छ, जुन तालिममा रेड कार्यान्वयन केन्द्र र वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट सहभागिता भएको थियो । यि दुवै तालिमहरु वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रसँगको साझेदारीमा संचालन गरिएका थिए । यस प्रकारको तालिम कार्यक्रम २ पटक संचालन गर्नको लागि रु. १५,००,०००।- वजेट व्यवस्था गरिएकोमा २ वटा तालिम संचालन गर्दा जम्मा रु. ६,३९,०००।- खर्च भएको थियो ।

२.२१ वन क्षेत्र परिवर्तन तथा वन कार्बन अनुगमन तालिम

विभिन्न प्राकृतिक तथा मानव जन्य कारणहरुले गर्दा वनले ढाकिएको क्षेत्रफलमा फेर वदल भईरहेको हुन्छ । यसरी वन क्षेत्रमा हुने सकारात्मक तथा नकारात्मक परिवर्तनले वनको कार्बन

संचितिको अवस्थामा समेत परिवर्तन निम्त्याईरहेको हुन्छ । यसरी वन क्षेत्रमा आउने परिवर्तन तथा वन कार्वनको संचितिमा हुने फेरवदलको विकसित तौरतरिका अपनाई अनुगमन गर्न सक्ने गरि रेडप्लससंग सम्बन्धित कर्मचारीहरुको दक्षता अभिबृद्धि गर्नको लागि यस प्रकारको तालिम आवस्यक परेको हो । यस तालिममा वन क्षेत्र अनुगमनको परम्परागत तौर तरिकाका अलावा हालका दिनमा विकसित GIS, Remote Sensing तथा Google Earth Engine प्रविधिको माध्यमबाट कम समय र लागतमा ठुलो परिमाणमा वन क्षेत्र परिवर्तन तथा कार्बनअनुगमन गर्नको लागि सहभागिहरुलाई ज्ञान र सिप प्रदान गर्ने कार्य गरिएको थियो । यस तालिममा वन तथा वातावरण मन्त्रालय, रेड कार्यान्वयन केन्द्र, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, वन तथा भू संरक्षण विभाग, वनस्पति विभाग, वातावरण विभाग, राष्ट्रय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग तथा विभिन्न प्रदेश स्थित रेड डेस्कका प्राविधिक कर्मचारीहरु सहभागिको रुपमा छनौट गरिएको थियो । यो तालिम कार्यक्रम ICIMOD सँगको साझेदारीमा काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेलस्थित धुलिखेल लज रिसोर्टमा ५ दिनको आवासिय कार्यक्रमको रुपमा संचालन गरिएको थियो । यो कार्यक्रम २ पटक सञ्चालन गर्नको लागि आ.व. २०७८/७९ को वार्षिक कार्यक्रममा रु. १५,००,०००।- वजेट व्यवस्था भएकोमा एकपटक मात्र ICIMOD सँगको साझेदारीमा कार्यक्रम सञ्चालन गर्दा रेड कार्यान्वयन केन्द्रको तर्फबाट रु. ४,९६,०००।- खर्च भएको थियो ।

२.२२ रेड फोकल पर्सन तथा सरोकारवालाहरुको रेड कार्यान्वयन तालिम

रेडप्लससँग सम्बन्धित सरकारी निकायका प्राविधिक कर्मचारीहरु तथा सरोकारवाला संघ संस्थाका रेडप्लस फोकल व्यक्तिहरुलाई रेड प्लस कार्यक्रमको बारेमा जानकारि गराउँदै रेडप्लस कार्यमा भैरहेको तथ्यहरु अध्यावधिक गराउँदै नयाँ उपलब्धीहरूको बारेमा जानकारी प्रदान गरी क्षमता अभिबृद्धि गर्ने उद्देश्यले यस प्रकारको कार्यक्रम आयोजना गरिएको हो ।यस कार्यक्रम अन्तरगत धुलिखेल, पोखरा र बुटवलमा तिनवटा तालिम कार्यक्रम आयोजना गरिएको थियो । यि तालिम हरुमा नेपाल सरकार र प्रदेश सरकारका विभिन्न निकायका प्रतिनिधिका अलावा सामुदायिक वन उपभोक्ता महासंघ, साझेदारी वन उपभोक्ता महासंघ, पारिवारिक निजी वन महासंघ तथा आदिवासी जनजाती महासंघ बाट समेत सहभागिता रहेको थियो । यि तालिमको सिलसिलामा डिभिजन वन कार्यालयहरु काठमाण्डौ, ललितपुर, भक्तपुर, सिन्धुपाल्चोक, काभ्रपलाञ्चोक, गोरखा, तनहु, लमजुङ्ग, कास्की, स्याङ्गजा, पर्बत, नवलपरासी सुस्ता पश्चिम, रुपन्देही, कपिलवस्तु, गौतमबुद्ध, देउखुरी, घोराही, तथा भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु तनहुँ र पर्बत का कर्मचारीहरुको सहभागिता रहेको थियो । यस प्रकारको तालिम कार्यक्रम ४ पटक संचालन गर्नको लागि रु. २०,००,०००।- वजेट व्यवस्था गरिएकोमा ३ वटा तालिम मात्र संचालन भएको थियो जसमा जम्मा रु. १५,३२,०००।- खर्च भएको थियो ।

२.२३ प्रदेश वन निर्देशनालयमा स्थापित रेड डेस्कको सचिवालयको क्षमता अभिबृद्धि तथा व्यवस्थापन सहयोग

देशका सवै प्रदेशहरुमा रेडप्लस सम्बन्धी कार्यक्रम कार्यान्वयनमा सरलिकरण गर्नको लागि प्रदेश स्थित वन निर्देशनालयहरुमा रेड डेस्क स्थापना गरिएका छन् । उक्त रेड डेस्कको सचिवालयमा कार्यरत कर्मचारीहरुको रेड प्लस सम्बन्धी क्षमता अभिबृद्धि गर्न तथा रेड डेस्कको भौतिक व्यवस्थापनमा सुधार गर्नको लागि यस किसिमको कार्यक्रम राखिएको हो । यस कार्यक्रम अन्तर्गत आ. व. २०७८/७९ मा प्रदेश नं १, वागमती प्रदेश, लुम्बिनी प्रदेश, गण्डकी प्रदेश र कर्णाली प्रदेश स्थित वन निर्देशनालयहरुले क्षमता अभिबृद्धिका कृयाकलापहरु संचालन गरेका छन् । यसै सिलसिलामा कर्णाली प्रदेशस्थित वन निर्देशनालयले एउटा Documentry समेत तयार गरेको छ । यस कार्यक्रमको लागि ७ वटै प्रदेशका लागि गरी जम्मा ७ कृयाकलापका लागि कुल रु. २१,५०,०००।- वजेट व्यवस्था भएकोमा ५ वटा प्रदेशमा मात्र कार्यक्रम संचालन भएको थियो जसमा रू. १४,००,०००।- मात्र खर्च हुन गएको थियो ।

२.२४ रेडसंग सम्बन्धित निकायहरुको लैङ्गिक अवधारणा क्षमता अभिबृद्धि कार्यक्रम

रेडप्लससंग सम्बन्धित निकायका कर्मचारीहरुको लैङ्गिक क्षमता अभिबृद्धि गर्ने उद्देश्यले यस प्रकारको कार्यक्रम रेड कार्यान्वयन केन्द्रबाट आयोजना गरिंदै आएको छ । यस कार्यक्रम अन्तर्गत एउटा गोष्ठी विराटनगर स्थित Hotel Eastern Star मा २ दिन र अर्को गोष्ठी पोखरा स्थित Landmark Hotel मा २ दिन आयोजना गरिएको थियो । यि गोष्ठीहरुमा प्रदेश सरकारका विभिन्न निकायका प्रतिनिधिका अलावा सामुदायिक वन उपभोक्ता महासंघ, साझेदारी वन उपभोक्ता महासंघ, पारिवारिक निजी वन महासंघ तथा आदिवासी जनजाती महासंघबाट समेत सहभागिता रहेको थियो । यि गोष्ठीको सिलसिलामा डिभिजन वन कार्यालयहरु झापा, मोरङ्ग, सुनसरी, उदयपुर, तनहु, लमजुङ्ग, कास्की, स्याङ्गजा, पर्बतका कर्मचारीहरुको सहभागिता रहेको थियो । आ.व. २०७८/७९ मा यस प्रकारको कार्यक्रम २ वटाको लागि रु. १०,००,०००।- वजेट व्यवस्था भएकोमा २ वटा कार्यक्रम संचालन गर्दा सत प्रतिसत रकम रु. १०,००,०००।- नै खर्च हुन गएको छ ।

२.२५ योजना तर्जुमा-समिक्षा गोष्ठी

विगत आर्थिक वर्षमा सम्पन्न कृयाकलापहरुको वार्षिक समिक्षा तथा चौमासिक अवधिमा भए गरेको कार्य सम्पादन प्रगतिको समिक्षा गरि आगामी अवधि एवं आर्थिक वर्षको लागि उपयुक्त योजनाहरु प्रस्ताव गर्नको लागि समिक्षा तथा योजना तर्जुमा गोष्ठीको कार्यक्रम सञ्चालन गर्नु परेको

हो । आ.व. २०७८/७९ मा ४ वटा समिक्षा-योजना तर्जुमा गोष्ठीको लागि वजेट व्यवस्था भएकोमा रेड कार्यान्वयन केन्द्रको कर्मचारी एवं सरोकारवालाहरुको सहभागितामा ४ गोटा नै समिक्षा तथा योजना तर्जुमा गोष्ठी आयोजना गरिएको थियो । यी कार्यक्रम हरुको लागि कुल रु. १०,००,०००।- वजेट व्यवस्था भएकोमा कार्यक्रमहरु सम्पन्न गर्दा जम्मा रू. ५,४२,०००।- वजेट खर्च भएको थियो ।

२.२६ सरोकारवालाहरुसँग छलफल र अन्तरक्रिया तथा गोष्ठी

सरोकारवाला संस्थाका प्रतिनिधिहरुलाई रेड प्लस कार्यक्रमको बारेमा जानकारी गराउने, कार्यक्रम कार्यान्वयनमा सरोकारवाला संस्थालाई सहभागी गराई अपनत्व बढाउँदै रेड प्लस कार्यक्रमको प्रभावकारिता बढाउन तथा रेड प्लस कार्यक्रमलाई समन्वयात्मक ढंगले अघि बढाउन सरोकारवालाहरुसँग छलफल र अन्तरक्रिया तथा गोष्ठीको आयोजना गरिएको हो । आ.व. २०७८/७९ मा यस प्रकारका १० वटा गोष्ठी आयोजना गर्नको लागि रु. २०,००,०००। वजेट व्यवस्था भएकोमा विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरसको महामारीको कारणले नेपाल सरकारले बन्दाबन्दिको घोषणा समेत गरेकोले १० वटै गोष्ठीहरु संचालन गर्न नसकिएतापनि काठमाण्डौ, गोरखा, तनहुँ, जनकपुर, धरान, इलाम र ताप्लेजुङ ७ ठाउँमा यस प्रकारको गोष्ठी सम्पन्न गरिएको थियो । यी गोष्ठीहरुमा वन निर्देशनालयका कर्मचारीहरु, डिभिजन वन कार्यालयका कर्मचारीहरु, भू तथा जलाधार संरक्षण कार्यालयका कर्मचारीहरु, भानुभक्त प्राणी उद्यानका कर्मचारी, सामुदायिक वन उपभोक्ता महासंघ, आदिवासि जनजाति महासंघ आदि संघ संस्थाबाट आफुलाई पायक परेका स्थानहरुमा सहभागिता भएको थियो । यसरी ७ वटा यस प्रकारका गोष्ठीहरु संचालन गर्दा कुल रु. ८,५५,०००।- खर्च भएको थियो ।

२.२७ रेडसँग सरोकारवालाहरुको ESMF र Safeguard सम्बन्धी क्षमता अभिबृद्धि तालिम

दिगो वन व्यवस्थापनमा आधारित नेपालको उत्सर्जन न्यूनीकरण कार्यक्रमको वातावरणीय र सामाजिक व्यवस्थापन प्रारूपमा भएका प्रावधानहरु तथा Safeguard सम्बन्धी विकसित प्रावधान र तौर तरिकाहरु सम्वन्धमा सरोकारवालाहरुलाई जानकारी उपलव्ध गराउने उद्देश्यले यस प्रकारको कार्यक्रम आयोजना गर्नुपरेको हो ।आ.व. २०७८/७९ मा यस प्रकारका १३ वटा गोष्ठी आयोजना गर्नको लागि रु. २६,००,०००।- वजेट व्यवस्था भएकोमा विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरसको महामारीको कारणले नेपाल सरकारले वन्दावन्दिको घोषणा समेत गरेकोले सवै गोष्ठीहरु संचालन गर्न नसकिएतापनि चितवन जिल्लाको भरतपुरमा यस प्रकारको एउटा गोष्ठी

संचालन गरिएको छ । डिभिजन वन कार्यालयका कर्मचारी, सामुदायिक वन, कवुलियती वन, संरक्षित वन, आदिवासी जनजाति महासंघ र दलित संघका प्रतिनिधिहरुको सहभागिता रहेको यो गोष्ठी भरतपुर गार्डेन रिसोर्टमा संचालन गरिएको र यस कार्यक्रममा कुल रु. १,४३,०००।- खर्च भएको छ ।

२.२८ वार्षिक प्रतिवेदन प्रकाशन तथा वितरण

रेड कार्यान्वयन केन्द्रद्वारा आ.व. २०७७/७८ मा संचालित कार्यक्रम तथा कृयाकलापहरु सम्बन्धमा विस्तृत जानकारी उपलव्ध गराउने उद्धेश्यले वार्षिक प्रगति प्रतिवेदन प्रकाशन तथा वितरण गर्ने काम गरिएको थियो । यस वार्षिक प्रगति प्रतिवेदनमा रेड कार्यान्वयन केन्द्रका गतिविधि तथा यस केन्द्रबाट प्रदान गरिने सेवाको वारेमा जानकारी, आर्थिक विवरण, सेवा प्रदान गर्दा अनुभव गरिएको समस्याहरु लगायतका बिषयहरु समाविष्ट गरि एउटा सानो रंगिन पुस्तिकाको रुपमा प्रकाशन गरिएको थियो । यो प्रगति प्रतिवेदन पुस्तिका रेडप्लससँग सरोकार राख्ने विभिन्न सरकारी तथा गैरसरकारी निकायहरु, कर्मचारीहरु, सरोकारवाला व्यक्तिहरु तथा विद्यार्थीहरु लगायतलाई वितरण गर्ने कार्य भैरहेको छ । आ.व. २०७८/७९ मा वार्षिक प्रतिवेदन प्रकाशन तथा वितरणको लागि रु. १,६६,०००।- वजेट व्यवस्था भएकोमा यो काम सम्पन्न गर्दा रु. १,६५,०००।- खर्च हुन गएको थियो ।

२.२९ डायरी, क्यालेण्डर, पम्पलेट, पोष्टर, ब्रोसियर आदि प्रकाशन

यस कार्यक्रम अन्तर्गत आ.व. २०७८/७९ मा डायरी, क्यालेण्डर तथा व्रोसियरहरु प्रकाशन गरि वितरण गर्ने काम गरिएको छ । प्रचार प्रसार सामग्रीको रुपमा डायरी, क्यालेण्डर तथा व्रोसियरहरु प्रकाशन गरि वितरण गर्दा रेडप्लस सँग सरोकार राख्ने सरोकारवालाहरुमा रेडप्लस तथा जलवायु परिवर्तन जस्ता विषयमा सचेतिकरण गर्न साथै नेपालमा रेडप्लस सम्बन्धमा भएगरेका विविध क्रियाकलापहरुको वारेमा अवगत गराउन सहयोग पुगेको छ । यस कार्यक्रमको लागि रु. ४,१५,०००।- वजेट व्यवस्था भएकोमा यो काम सम्पन्न गर्दा रु. ४,००,०००।- खर्च भएको थियो ।

२.३० अध्ययन प्रतिवेदन, रणनीति तालिम सामग्रीहरुको छपाई

यस कार्यक्रम अन्तर्गत नोट वुक र नोट प्याड हरु छपाई गरि वितरण गर्ने काम गरिएको छ । यस कामको लागि कुल रु. ७,००,०००।- वजेट व्यवस्था रहेकोमा नोट वुक र नोट प्याड, छपाई गर्दा रु. ४,००,०००।- खर्च भएको थियो ।

२.३१ सामुदायिक वन कार्ययोजना नविकरण

यो कार्यक्रम समृद्धिको लागि वन कार्यक्रम तर्फको वार्षिक कार्यक्रम अन्तर्गतको कार्यक्रम हो । समुदायमा आधारित वन व्यवस्थापन समुहहरुलाई सकृय वनाई वन संरक्षण तथा विकासमा जनसहभागिता मार्फत उत्सर्जन न्युनिकरण कार्यक्रमलाई सहयोग पुर्याउनु यस कार्यक्रमको मुख्य उद्देश्य हो । यो कार्यक्रम सम्बन्धित डिभिजन वन कार्यालय मार्फत संचालन गरिएको थियो । यसको लागि सम्बन्धित डिभिजन वन कार्यालयले एक जना सम्पर्क कर्मचारी तोकी निजको सहजीकरणमा यो कार्यक्रम लागु गरिएको थियो । यो कार्यक्रम अन्तर्गत देशभरिका विभिन्न डिभिजन वन कार्यालय अन्तर्गत कार्ययोजना अवधि समाप्त भएका १००० गोटा सामुदायिक वनको वन व्यवस्थापन कार्ययोजना नविकरणको लागि कार्यक्रम स्विकृत भएकोमा जम्मा ३८ वटा डिभिजन वन कार्यालय अन्तर्गतका ४८१ वटा वन कार्ययोजना मात्र नविकरण गर्न गराउन सम्भव भएको थियो । यसरि ४८१ वटा सामुदायिक वनको कार्ययोजना नविकरणको लागि कुल रु. १,५३,०३,०००।- खर्च हुन गएको छ । आ.व. २०७८/७९ मा रेड कार्यान्वयन केन्द्रको सहयोगमा विभिन्न डिभिजन वन कार्यालयहरुले नविकरण गरेका सामुदायिक वनहरुको विवरण अनुसुचि २ मा दिईएको छ ।

२.३२ वायोमास अध्ययनको लागि नेपालको वनमा नमुना रुखहरु छनौट

नेपालले रेडप्लसको तयारी चरण पार गरि कार्यान्वयनको चरणमा रहेकोले नतिजामा आधारित भूक्तानीको लागि नेपालको वनमा रहेको कार्बन मापन एक महत्वपुर्ण कार्य हो । वनमा रहेको कार्बनको सही मापन गर्न रुखको आयतन तथा वायोमास को अनुमान महत्वपुर्ण हुन्छ । नेपालको वनको मुख्य प्रजाति अनुसार आफ्नै एलोमेट्रिक समिकरण भएमा यसले कार्बन व्यापारको क्रममा वायोमास अनुमान Tier 1 बाट Tier 3 मा जान सक्ने र सो बाट कार्वनको सही आकलन गर्न सकिने भएकोले एलोमेट्रिक समिकरण तयार गर्नु अति महत्वपुर्ण छ । यस कार्यक्रम अन्तर्गत नेपालको वनमा मुख्य गरि पाईने विभिन्न १६ वटा प्रजातिका रुखहरुको एलोमेट्रिक समिकरण तयारीका लागि रेड कार्यान्वयन केन्द्रको वार्षिक कार्यक्रममा विगत केहि वर्षदेखि वजेट व्यवस्था हुँदै आएको भएतापनि विविध कारणले कार्यक्रम कार्यान्वयन हुन सकेको थिएन । यसरि यस कार्यको लागि आवस्यक करिब ११०० रुखहरु मध्ये पहिलो चरणमा आ.व. २०७७/७८ मा केही रुखहरु छनौट गरि उक्त रुखहरु कटान मुछान गर्न र नमुनाहरु प्रयोगशाला सम्म ल्याउन नेपाल सरकारबाट स्वीकृती लिने काम सम्पन्न गरिएको थियो । आ.व. २०७८/७९ मा समेत यसै क्रमलाई निरन्तरता दिँदै केही रुखहरु छनौट गर्ने काम सम्पन्न गरीयको छ । यस कार्यक्रमको लागि आ.व. २०७८/७९ मा कुल ४५,००,०००।- वजेट व्यवस्था भएकोमा कार्यक्रम सम्पन्न गर्दा रु. १०,००,०००।- खर्च भएको थियो ।

२.३३ आयोजना कार्यालय परिसरमा गार्डेनिङ्ग व्यवस्थापन

यो कार्यक्रम समृद्धिको लागि वन कार्यक्रम तर्फको वार्षिक कार्यक्रम अन्तर्गतको कार्यक्रम हो । यस कार्यक्रम अन्तर्गत रेड कार्यान्वयन केन्द्रको कार्यालय परिसरको अगाडि पट्टिको भागमा गार्डेनिङ्ग व्यवस्थापन गर्ने काम गरियको छ । यस कामको लागि कुल रु. ५,००,०००।- वजेट व्यवस्था रहेकोमा गार्डेनिङ्ग व्यवस्थापन गर्दा रु. ४,७०,०००।- खर्च भएको थियो ।

२.३४ वेभसाइट अपडेट तथा सञ्चालन

यो कार्यक्रम समृद्धिको लागि वन कार्यक्रम तर्फको वार्षिक कार्यक्रम अन्तर्गतको कार्यक्रम हो । यस कार्यक्रम अन्तर्गत रेड कार्यान्वयन केन्द्रको वेभसाइट अपडेट तथा सम्बृद्धिको लागि वन कार्यक्रमको fpp.redd.gov.np र www.redd.gov.np लाई अद्यावधिक गर्ने काम सम्पन्न गरिएको छ । यस कामको लागि कुल रु. २,००,०००।- वजेट व्यवस्था रहेकोमा वेभसाइट तयारी गर्दा रु. १,९४,०००।- खर्च भएको थियो ।

२.३५ वृक्षारोपण तथा वन व्यवस्थापन सम्बन्धी म्यानुयल तयारि

यो कार्यक्रम समृद्धिको लागि वन कार्यक्रम तर्फको वार्षिक कार्यक्रम अन्तर्गतको कार्यक्रम हो । यस कार्यक्रम अन्तर्गत वन तथा वातावरण मन्त्रालय अन्तर्गत सम्बृद्धिको लागि वन कार्यक्रम कार्यान्वयन गर्ने सबै निकायको लागि प्रयोगमा आउने किसिमको वृक्षारोपण तथा वन व्यवस्थापन सम्बन्धी म्यानुअल तथा नेपाल वन परिषद विधेयकको मस्यौदा र सो को सरोकारवालासँग छलफल गर्ने गर्ने काम सम्पन्न गरिएको छ । यी दुवै कार्य सेवा करार मार्फत संचालन गरिएको थियो । यस किसिमका ५ वटा म्यानुअल, कार्यविधि तयारीको लागि कुल रु. २५,००,०००।- वजेट व्यवस्था रहेकोमा दुइवटा मात्र कार्य सम्पन्न भएकोमा रू. ८,०६,०००।- खर्च भएको थियो ।

२.३६ कर्मचारीहरुका लागि क्षमता अभिबृद्धि कार्यक्रम (वैदेशिक)

रेड कार्यान्वयन सम्बन्धमा अन्य देशका अनुभवबाट लाभ लिन सकियोस र वैदेशिक अध्ययन तथा अवलोकनबाट नेपाली कर्मचारीहरुको क्षमता अभिवृद्धि हुन सकोस् भनि यस प्रकारको कार्यक्रमको आवस्यकता महशुस गरिएको हो । यस कार्यक्रम अन्तर्गत आ.व. २०७८/७९ मा कर्मचारीहरुलाई ८ दिन अवधिको कम्वोडिया भ्रमणको अवसर प्रदान गरिएको थियो । ८ दिन अवधिको कार्यक्रमका दौरानमा ९ जना कर्मचारीहरुले सहभागी हुन अवसर प्राप्त भएको थियो । यि कार्यक्रमहरुमा सहभागी कर्मचारीहरुले मुख्य गरि कम्वोडियामा रेड प्लस सँग

सम्बन्धित बिभिन्न गतिविधि सम्बन्धमा केन्द्रित रहि अध्ययन तथा अवलोकन कार्य गर्ने अवसर प्राप्त गरेका थिएँ । यस कार्यक्रको लागि कुल रु. ४०,००,०००।- वजेट व्यवस्था रहेकोमा कार्यक्रम सम्पन्न गर्दा रु ४०,००,०००।- खर्च भएको थियो ।

२.३७ अन्तर्राष्ट्रिय गोष्ठी सभा सम्मेलनमा सहभागिता

यस कार्यक्रम अन्तर्गत रेड कार्यान्वयन केन्द्रका उपसचिवद्वय श्री यज्ञमूर्ति खनाल र श्री शंकर अधिकारी तथा वन तथा वातावरण मन्त्रालयकी सहायक वन अधिकृत श्री दिपा वली दक्षिण कोरीयामा आयोजना भएको World Forestry Congress कार्यक्रममा सहभागी हुनु भएको थियो । त्यस्तै यसै कार्यक्रमबाट रेड सँग सम्बन्धित विभिन्न निकायका ७ जना कर्मचारीहरुले रेड प्लस सँग सम्बन्धित विषयमा अध्ययन अवलोकन गर्ने उद्देश्यले ८ दिन अवधिको कम्वोडिया भ्रमण समेत गर्नु भएको थियो । यस कार्यक्रमको लागि कुल रु. ३५,००,०००।- वजेट व्यवस्था रहेकोमा कार्यक्रम सम्पन्न गर्दा रु ३५,००,०००।- खर्च भएको थियो ।

भाग ३

आर्थिक प्रगति विवरण

यस केन्द्रको आर्थिक वर्ष २०७८।०७९ मा कार्यक्रम कार्यान्वयनका लागि विश्व बैंकबाट प्राप्त अनुदान र नेपाल सरकार तर्फ गरी ने.रु. २९ करोड ८० लाख ५० हजार विनियोजन भएको थियो । जसमध्ये पुँजिगत तर्फ रु. ६२४ लाख र चालु तर्फ रु. २३ करोड ५६ लाख ५० हजार विनियोजन भएको थियो । विनियोजित रकम मध्ये आ.व. २०७८।०७९ मा पुँजीगततर्फ रु. १९३,४८,०००।- र चालुतर्फ रु. ५,०३,६१,८००।- गरी कुल जम्मा रु. ६,९७,१०,०००।- खर्च भएको थियो । यस सम्बन्धी विस्तृत प्रगति विवरण अनुसूची ३ र ४ मा प्रस्तुत गरिएकोछ ।

यस केन्द्रको आ. व. २०७८/०७९ को रेड फरेष्ट्रि तथा जलवायु परिवर्तन कार्यक्रम तर्फ बजेट उपशिर्षक नं. ३२९००१०२३ को चालु खर्च तर्फ विनियोजित बजेट रू. ८,३८,००,०००।- र बजेट उपशिर्षक नं. ३२९००१०२४ को पूँजिगत खर्च तर्फ विनियोजित बजेट रू. ५,३७,००,०००।- रहेको थियो । जसमध्ये नेपाल सरकारको रु. १९६,००,०००।- र वैदेशिक अनुदान रु ११,७९,००,०००।- रहेको थियो । त्यसैगरी समृद्धिको लागि वन कार्यक्रम तर्फ ३२९००१०५ को चालु खर्च तर्फ विनियोजित बजेट ७,२७,००,०००।- र पुँजीगत खर्च तर्फ विनियोजित बजेट ९१,००,०००। रहेको थियो। जसमध्ये नेपाल सरकारको रू. ९०,००,०००।- र वैदेशिक अनदान तर्फ रू. ७२८,००,०००।- रहेको थियो । जसमध्ये रेड फरेष्ट्रि तथा जलवायु परिवर्तन कार्यक्रम तर्फ कुल रू. १० करोड १८ लाख ८५ हजार खर्च भएको थियो भने सम्बृद्धिको लागि वन कार्यक्रम तर्फ कुल रू. २ करोड ३७ हजार खर्च भएको थियो । यस केन्द्रको वार्षिक बजेट तथा खर्च सम्बन्धी प्रगतिको संक्षिप्त विवरण तालिका १ मा प्रस्तुत गरिएको छ ।

तालिका १० आ.व. २०७८।७९ को वार्षिक बजेट तथा खर्चको शारांस

कार्यक्रम/ आयोजना	वार्षिक						वार्षिक वित्तिय प्रगति प्रतिशत
	विनियोजन (रू. लाखमा)			खर्च (रू. लाखमा)			
	चालु	पूँजीगत	जम्मा	चालु	पूँजीगत	जम्मा	
रेड फरेस्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम	१६४०.२	६१५	२२५५.२	५७२.८७	४४५.९८	१०१८.८५	४५.१८
समृद्धिको लागि वन कार्यक्रम	३०६.०	४४.०	३५०.०	१८२.४२	१७.९५	२००.३७	५७.२५

रेड कार्यान्वयन केन्द्रको विगत आर्थिक वर्षहरूमा भएको खर्च तथा प्रगति र यस वर्ष भएको खर्चको प्रगति तुलना गर्न यहाँ सान्दर्भिक देखिएकाले चित्र नं. ४ मा देखाइएको छ ।



चित्र नं. ४: रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रमको शुरुवात देखि हालसम्मको खर्च

रेड कार्यान्वयनको लागि नेपालमा भएको खर्च के कति हो त्यसको विवरण प्रस्तुति गर्न सान्दर्भिक हुने भएकोले यहा प्रस्तुत गर्ने जमर्को गरिएको छ । आ.व. २०६६।६७ देखि यस कार्यक्रमको लागि औपचारिक रुपमा खर्च गर्न शुरुवात गरिएको पाइन्छ । यसै अनुसार हालसम्म यस कार्यक्रमको लागि करिब ७८ करोड बराबरको रकम खर्च भएको छ । जसमध्ये सबभन्दा बढी रकम १६ करोड ३७ लाख रकम आ.ब. ०७५।०७६ मा खर्च भएको छ जुन चित्र नं. ४ मा देखाइएको छ । आ.व. ०७८।७९ को विस्तृत प्रगति विवरण अनुसुची ३ मा समावेश गरिएको छ ।

भाग ४

कार्यक्रम कार्यान्वयनबाट प्राप्त सिकाईहरू

यस भागमा विशेष गरी रेडप्लस कार्यक्रम कार्यान्वयन गर्दा फिल्डस्तर लगायत केन्द्र एवं सरोकारवालाहरुसँग समन्वयको क्रममा प्राप्त भएका सिकाईहरु आगामी कार्यक्रम संचालन गर्नको लागि मार्गदर्शनको रुपमा रहने भएकोले यहाँ प्रस्तुत गरिएको छ ।

कार्यक्रम कार्यान्वयनको सिलसिलामा निम्न क्षेत्रमा सिकाईहरु प्राप्त भएको छ ।

४.१ सरोकारवालाहरुसँगको समन्वय

यस कार्यक्रम सञ्चालन गर्दा सरोकारवालाहरु विशेष गरी स्थानीय समुदायहरु, संघ संस्थाहरु तथा आदिवासी जनजातिहरुको प्रतिनिधित्व गर्ने संस्थाहरु लगायतका संस्थाहरुसँग निरन्तर समन्वय तथा सहकार्यमा काम गर्नु पर्ने भएकोले समय समयमा पुर्नगठन भैरहने यस प्रकारका संस्थाहरुसँग अधिकतम प्रयास गरी समन्वय गर्न पहल गरिएको भएतापनि संपूर्ण संघ संस्थाहरुलाई पुर्ण रुपमा समेट्न सकिएको छैन । सरोकारवालाहरुसँग कार्य गर्दा निम्न बमोजिम सिकाईहरु प्राप्त भएको छ ।

- यस कार्यक्रमको शुरुवात देखि संलग्न र यस कार्यक्रमसँग परिचीत सरोकारवालाहरु विच अन्तरक्रियाहरु गरिरहनु पर्ने देखिन्छ ।
- सरोकारवालाहरुको वैधानिक सहभागिताको लागि विशेष कानूनी संरचना आवश्यक पर्ने अनुभव गरिएको छ । किनकी कार्यक्रमको दायरा तथा आयामहरु फराकिलो भएकोले सरोकारवालाहरुको वास्तविक पहिचान तथा तिनिहरुको संलग्नतालाई वैधानिकता दिनको लागि कठिनाई महसुस गरिएको छ ।
- सरोकारवालाहरुले पनि कतिपय कार्यक्रमहरुमा सहभागी हुन नपाउँदाको अवस्थामा खिन्नता महशुस गरेको गुनासो आउने गरेको छ यसबाट सरोकारवालाहरुसँग निरन्तर समन्वय गर्नु पर्ने आवश्यकता पनि महशुस भएको छ ।
- स्थानीय समुदाय तथा स्थानीय तहहरुमा रहेका सरोकारवालाहरुसँगको समन्वय अपरिहार्य महशुस गरिएको छ । अतयवः यस कार्यक्रमको कार्यान्वयन तथा थप सुदृढ गर्नको लागि स्थानीय तह तथा समुदायहरुमा समन्वय तथा सहकार्य अझ गर्नु पर्ने देखिएको छ ।

- स्थानीय तहहरु तथा स्थानीय समुदायहरुको अपनत्व बेगर यो कार्यक्रम सफल नहुने भएकोले सो निकायहरुको अपनत्व अभिवृद्धि गर्न आवश्यक देखिन्छ ।
- कोभिड १९ को कारण सरोकारवालाहरूसँग निरन्तर रूपमा समन्वयात्मक छलफल गोष्ठीको आयोजना गर्न केही बाधा अड्चन भएता पनि अनलाईन मार्फत् भएपनि यस केन्द्रबाट केही प्रयासहरू गरिएको छ । आगामी दिनमा थप कृयाकलापहरू गर्न जरूरी देखिन्छ ।

४.२ सेवा प्रदायकहरुसँग सेवा प्राप्ति गर्ने सिलसिलामा प्राप्त सिकाईहरु

यस कार्यक्रम सञ्चालन गर्दा धेरै कार्यहरु सेवा प्रदायकबाट लिनु पर्ने गरी स्वीकृत भएको हुँदा सेवा प्रदायकहरुसँग कार्य गर्दा निम्न बमोजिम सिकाईहरु प्राप्त भएको छ ।

- रेड कार्यक्रमसँग सम्बन्धित कार्यहरुमा अनुभव भएका सेवा प्रदायकहरु ज्यादै कम मात्र रहेको देखियो ।
- सेवा प्रदायकहरुले कामको सम्झौता गर्दाको बखत गरेको प्रतिवद्धताहरु पुरा गर्न व्यवसायिक (Professional Ethics) नैतिकता पुरा गर्नको लागि व्यवसायिक आचरणमा सुधार गर्नु पर्ने देखियो ।
- सेवा प्रदायकहरुले कार्य गरिरहेको अवस्थामा अनुगमनको कार्यलाई सँगसँगै लैजानु पर्ने अति आवस्यक महसुस गरिएको छ ।
- सेवा प्रदायकहरुको कार्य शुरुवातको समय तथा अन्य अवधिमा रेड कार्यान्वयन केन्द्रबाट प्रतिनिधित्व गरी समन्वय बढाउनु पर्ने देखियो । जति समन्वय बढाइयो त्यति कार्यको गुणस्तर राम्रो भएको पाइयो ।
- सेवा प्रदायकहरुले व्यवसायिक आचरण तथा गुणस्तर कायम गर्नको लागि कार्यहरुको प्रस्ताव पेश गर्दा आर्थिक प्रस्ताव पनि गुणस्तर कायम गर्न सक्ने गरी मात्र पेश गर्नु पर्ने देखियो ।
- कतिपय सेवा प्रदायकहरुले कार्य प्रस्ताव पेश गर्दा राख्ने गरेको विज्ञहरुको सूची अनुसार नै फिल्डमा पनि काममा नलगाउने गर्दा गुणस्तर कायम गर्नको लागि समस्या भएको देखियो ।
- सेवा प्रदायकहरुले स्थानीय तहहरुसँग तथा कार्यालयहरुसँगको समन्वयमा अझ अभिवृद्धि गर्न सकेमा कार्यको गुणस्तर बृद्धि हुने देखिन्छ ।

४.३ प्रदेश तथा अन्तरगतका निकायहरु विचको समन्वय

सङ्घीय संरचनामा देश गइसकेको परिप्रेक्ष्यमा प्रदेश तथा अन्तरगतका कार्यालयहरुसँग समन्वय गरी परिचालन गर्दा निम्न बमोजिम सिकाईहरु प्राप्त भएको छ ।

- कार्यक्रम कार्यान्वयन गर्दा प्रदेश स्तरका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश वन निर्देशनालयहरुसँग समन्वय जति गर्न सक्यो त्यति नै कार्यक्रम कार्यान्वयन गर्न सजिलो र प्रभावकारी भएको छ ।
- प्रदेशस्तरको रेड डेस्कको कर्मचारीहरुलाई क्षमता अभिवृद्धि गर्दा रेड सम्बन्धी कार्य सञ्चालन गर्नको लागि अझ सजिलो भएको छ । अतयवः रेड डेस्कलाई थप सुदृढ गर्न आबश्यक देखिन्छ ।
- जिल्लाहरुमा डिभिजन वन कार्यालयहरु, सब-डिभिजन वन कार्यालयहरु, भू-जलाधार व्यवस्थापन कार्यालयहरु, बृहद जलाधार व्यवस्थापन केन्द्रहरु, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रहरु, राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिका कार्यान्वयन इकाईहरु, वन उद्यमीहरु, स्थानीय समुदायमा आधारित वन व्यवस्थापन समूहरु लगायत अन्य सरोकारवालाहरुसँग जति समन्वय गर्न सक्यो त्यति नै यस कार्यक्रम प्रति अपनत्व बढेको महसुस भएको छ ।
- रेड कार्यान्वयन तथा रेडप्लस सम्बन्धी बुझाईको दायरालाई स्थानीय तह तथा कार्यालयहरुमा पनि व्यापक गराउन आबश्यक महसुस गरिएको छ । रेड प्लस सम्बन्धी अवधारणा नयाँ भएको हुनाले प्रचार प्रसार तथा निरन्तर अन्तरक्रियाको आवश्यक देखिएको छ ।

४.४ विश्व बैंकसँग कार्यक्रम कार्यान्वयन गर्दाका सिकाईहरु

यो कार्यक्रमको कार्यान्वयनमा अन्य केही संस्थाहरुले पनि सहयोग गरेको भएतापनि विश्व बैंक नै प्रमुख साझेदारको रुपमा सहयोगी निकाय हो । यसरी विश्व बैंकसँग कार्य गर्दाको अनुभव र सिकाईहरु निम्न बमोजिम रहेको छ ।

- विश्व बैंकबाट निरन्तर सुपरभिजन तथा मिशनहरु आइरहने भएकोले कार्यक्रम कार्यान्वयन गर्दा चाहिने सल्लाहहरु प्राप्त भइरहेको छ । विशेष गरी यसरी निरन्तर स्थलगत रुपमा मिशनहरु आइरहँदा कार्यक्रम कार्यान्वयन गर्नको लागि आइपरेका द्विविधाहरु निराकरण गर्न मद्धत पुगेको छ ।
- विश्व बैंकबाट पनि बेला बेलामा थप क्रियाकलापहरुको सुझावहरु दिइरहँदा कार्यक्रम कार्यान्वयन गर्न तथा विभिन्न क्रियाकलापहरुको कार्यसूची (Terms of Reference-TOR) तयार गर्नका लागि यस केन्द्रमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक देखिन्छ ।

- यस कार्यक्रमको कार्यान्वयनमा सामाजिक तथा प्राविधिक कार्य दुबैको भूमिका महत्वपूर्ण भएको र प्राविधिक कार्यहरुमा नेपालको जनशक्ति तथा क्षमतालाई सुदृढ गर्न थप प्राविधिक तथा अन्य सहायताहरु आवश्यक पर्ने देखिन्छ ।

४.५ मन्त्रालय, विभागीय निकायहरुसँगको समन्वय

- यस केन्द्रले सञ्चालन गर्ने कार्य भिन्न प्रकृतिको भएको हुनाले अन्य कार्यक्रम र यस कार्यक्रमलाई फरक तरिकाले नहेर्ने गरेको पाइन्छ । यो कार्यक्रमलाई अन्तरसम्बन्धित क्षेत्र (Cross Cutting Sector) को रुपमा लिनु पर्ने हुन्छ ।
- यस कार्यक्रमको परिणाम स्वरूप कार्बन सञ्चिति बढाउने, संरक्षण गर्ने तथा अभिवृद्धि गर्ने भएको हुँदा स्थानीय समुदाय, स्थानीय तह, प्रदेश सरकार एवं सङ्घीय सरकार बिचको समन्वय, सहकार्यबाट मात्र सफल हुने भएको हुनाले वन तथा वातावरण मन्त्रालय लगायत सङ्घीय स्तरका विभागीय निकायहरुको पनि उत्तिकै दायित्व भएको विषयमा महसुस गराउनको लागि वन तथा वातावरण मन्त्रालयको प्रमुख भूमिका रहेको छ ।

अनुसूचीहरू

अनुसूची १

नेपालमा रेडप्लसको विकासक्रम

सन् २००४	• सामुदायिक वनको चौथो राष्ट्रिय सम्मेलनमा क्योटो अभिसन्धि अन्तर्गतको स्वच्छ विकास संयन्त्र (CDM) नेपालको वन व्यवस्थापनका सन्दर्भमा अनुपयुक्त भएको निर्ष्कष ।
सन् २००५	• जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र संघीय संरचना महासन्धिका पक्ष राष्ट्रहरुको मोंट्रियलमा सम्पन्न ११ औ सम्मेलनमा पपुवा न्युगिनी र कोस्टारिकाद्वारा रेडलाई पक्ष राष्ट्रको सम्मेलनमा छलफलको विषय बनाउनु पर्ने प्रस्ताव दर्ता ।
सन् २००६	• विश्व बैंकद्वारा विकासोन्मुख राष्ट्रहरुमा रेडको तयारी र क्षमता अभिवृद्धिको लागि वन कार्बन साझेदारी कार्यक्रम लागु । • संयुक्त राष्ट्र संघद्वारा विकासोन्मुख देशहरुमा रेडको तयारी र क्षमता अभिवृद्धिको लागि सहयोग कार्यक्रम प्रारम्भ ।
सन् २००७	• इन्डोनेसियाको बालीमा भएको रेड सम्बन्धी वार्ता र त्यसपछिका रेडप्लस सम्बन्धी वार्ताहरुमा नेपाल सरकार र नागरिक समाजको निरन्तर सहभागिता ।
सन् २००८	• नेपालले रेडप्लसको तयारीका लागि विश्व बैंकको वन कार्बन साझेदारी सहयोग कार्यक्रमबाट सहयोग प्राप्त गर्न अबधारणा पत्र तयारी । • विभिन्न संघ संस्थाहरुद्वारा रेडप्लसका बारेमा परीक्षण परियोजनाहरुको शुरुवात ।
सन् २००९	• रेडप्लसको तयारीका लागि पुर्व तयारी प्रस्तावना (RPP) र यसका लागि विभिन्न तहमा परामर्श भएको । • रेडप्लस सम्बन्धी सचेतना र क्षमता अभिवृद्धि गर्ने परियोजनाहरुको शुरुवात । • रेडप्लसका लागि नेपाल सरकारले रेड फरेस्ट्री तथा जलवायु परिवर्तन इकाइको स्थापना । • नर्वे सरकारको सहयोगमा गोर्खा, चितवन र दोलखाका सामुदायिक वनमा रेडप्लसको लाभांस वितरण सम्बन्धी ३ वर्षे परीक्षण परियोजना लागु ।
सन् २०१०	• रेडप्लसको तयारीका लागि तयार गरेको पूर्व तयारी प्रस्ताव राष्ट्रिय स्तरबाट र विश्व बैंकबाट रेडप्लस सम्बन्धी पूर्व तयारी प्रस्ताव पारित । • रेडप्लसको परीक्षणका लागि नर्वे, अमेरिका, बेलायत, स्वीटजरल्याण्ड, फिनल्याण्ड, जापान लगायतका मुलुकबाट सहयोग गर्न सुरुवात । • रेडप्लस आदिवासी जनजाति र नागरिक संजालको स्थापना ।

सन् २०११	• रेडप्लसका लागि आबस्यक पर्ने तथ्य र तथ्यांकहरुको तयारीका लागि अध्ययन अनुसन्धानको सुरुवात । • वन कार्बन मापन मार्गदर्शनको विकास ।
सन् २०१२	• रेडप्लसको वातावरणीय तथा सामाजिक मापदण्डको विकास । • भू परिधि स्तरमा रेडप्लसको परीक्षणको लागि तयारी शुरु । • राष्ट्रिय रेडप्लस रणनीति तयारीका लागि खाका तयारी, छलफल र परामर्श शुरु ।
सन् २०१३	• तराई भू-परिधि क्षेत्रका लागि उत्सर्जन कटौती कार्यक्रम अबधारणा पत्र तयार । • रेड प्लस तयारीका लागि आबस्यक रेड प्लस रणनीति, कार्बन मापन, अनुगमन र प्रमाणीकरण प्रणालीको विकास, कार्बन उत्सर्जन आधार बिन्दु आदि बिषयमा अध्ययन शुरु । • पुर्व तयारी प्रस्ताव कार्यान्वयनको मध्यावधि मुल्यांकन प्रतिबेदन विश्व बैंकमा पेश ।
सन् २०१४	• People and Forests – An SMF-Based Emission Reduction Program in Nepal's Tarai Arc Landscape (ER-PIN) विश्व बैंकको वन कार्बन साझेदारी सहयोग कार्यक्रम अन्तर्गतको कार्बन फन्डमा पेश गरेको । • रेडप्लस तयारीका लागि आबस्यक अध्ययन र अनुसन्धान जारी ।
सन् २०१५	• तराई भू-परिधि क्षेत्रका लागि उत्सर्जन कटौती कार्यक्रम तयार गर्ने प्रक्रिया शुरु । • विश्व बैंकको वन लगानी कार्यक्रममा नेपाल सुचिकृत भएको । • रेडप्लस हिमालय कार्यक्रम संचालनका लागि इसिमोड र वन तथा भू-संरक्षण मन्त्रालय बीच हस्ताक्षर ।
सन् २०१६	• जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र संघिय प्रारूप महासन्धिमा नेपालको वन आधार तह (FRL) पेश गरेको । • तराई भू परिधि क्षेत्रका १२ जिल्लाका लागि कार्बन उत्सर्जन न्यूनीकरण दस्ताबेजको मस्यौदा तयार भएको ।
सन् २०१७	• कार्बन उत्सर्जन न्यूनीकरण दस्ताबेज विश्व बैंकमा पेश गरेको । • रेडप्लस कार्यक्रममा लैंगिक सम्मिलन सम्बन्धमा मार्गचित्र तथा लैंगिक कार्ययोजना तयार भएको । • वन लगानी योजना तयार भै विश्व बैंकको FIP sub-committee ले स्वीकृत गरेको ।

सन् २०१८	• नेपाल राष्ट्रिय रेडप्लस रणनीति (२०७५-२०७९) मिति २०७५।०१।०६ मा स्वीकृत । • कार्बन उत्सर्जन न्यूनीकरण डकुमेन्ट विश्व बैंकबाट स्वीकृत । • Biodiversity Monitoring Protocol for REDD+ तयार र स्वीकृत ।
सन् २०१९	• नेपालको तराई भूपरिधि क्षेत्रको १३ जिल्लामा संचालन हुने कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम अन्तर्गत वन कार्बन व्यापारबाट प्राप्त लाभको बाँडफाँट योजना (मस्यौदा) तयार भएको । • उत्सर्जन न्यूनीकरण कार्यक्रमको वातावरणीय तथा सामाजिक सुरक्षा खाँका तयार भएको । • वन लगानी योजना अन्तर्गत समृद्धिको लागि वन परियोजना दस्ताबेज तयार गरि विश्व बैंकमा पेश गरेको ।
सन् २०२०	• नेपालले कार्बन व्यापार मार्फत विश्व बैंकबाट भुक्तानी प्राप्त गर्ने कार्यमा सहजीकरण गर्न नेपाल सरकार (मन्त्री परिषद) को मिति २०७६।९।२८ को निर्णयानुसार वन तथा वातावरण मन्त्रालयका योजना, अनुगमन तथा समन्वय महाशाखा प्रमुखको संयोजकत्वमा अर्थ मन्त्रालय, कानुन न्याय तथा ससदीय मामिला मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयको प्रतिनिधीहरु सदस्य र रेड कार्यान्वयन केन्द्र प्रमुख सदस्य सचिव रहने गरी वार्ता टोली गठन भएको । • २०७६।११।४ मा वन तथा वातावरण मन्त्रालयबाट राष्ट्रिय रेडप्लस समन्वय समिति गठन भएको । • २०७६ फाल्गुन १७ देखि २९ सम्म ललितपुरको गोदावरीमा Gender Integration in Forestry राष्ट्रिय कार्यशाला गोष्ठी सम्पन्न भएको । • विश्व बैंकसँग उत्सर्जन न्यूनीकरण भुक्तानी सम्झौता गर्नुपुर्व आवश्यक उत्सर्जन न्यूनीकरण कार्यक्रमको वातावरणीय तथा सामाजिक सुरक्षा खाका तयार गरी वन तथा वातावरण मन्त्रालय (माननीय मन्त्रीस्तर) बाट मिति २०७७।३।१९ मा स्वीकृत भएको । • उत्सर्जन न्यूनीकरण कार्यक्रमको रिभर्सल व्यवस्थापन सम्बन्धी कार्बन कोषले तयार गरी अन्य देशले समेत प्रयोग गरिरहेको प्रणाली प्रयोग गर्ने गरी वन तथा वातावरण मन्त्रालय (माननीय मन्त्रीस्तर) बाट मिति २०७७।३।१९ मा स्वीकृत भएको । • उत्सर्जन न्यूनीकरण भूक्तानी सम्झौता गर्ने सम्बन्धमा नेपाल सरकारलाई कार्बन व्यापारमा भाग लिने र बिक्री गरेको कार्बनको हक हस्तान्तरण गर्ने अधिकार छ भन्ने कानुनी नोट नेपालका माननीय महान्यायाधिवक्ताबाट मिति २०७७।७।५ मा प्रमाणित गरी विश्व बैंकमा पठाएको ।

	• नेपालको उत्सर्जन न्यूनीकरण कार्यक्रम दस्तावेज स्वीकृत गर्ने क्रममा कार्बन कोषका सहभागीहरुले नेपाललाई कार्यक्रम सञ्चालन गर्दा ध्यानदिनुपर्ने भनी उठाएका दुई विषयमा मिति २०७७।८।९ मा नेपालको तर्फबाट प्रगति/धारणा पठाएको । • रेडप्लस तयारीका थप कृयाकलापहरु सञ्चालन गर्न विश्व बैंकको अनुदान सहायतामा सन् २०१७ मा शुरु भएको परियोजनाको म्याद सन् २०२० को जुनसम्म रहेकोमा सन् २०२१ को जुन ३० सम्म रहने गरी १ वर्ष म्याद थप भएको । • नेपालको वन आधार तह (National Forest Reference Level) अध्यावधिक गर्न अध्ययनहरु भैरहेको ।
सन् २०२१	• २०७७।११।१२ गते (तदनुसार २०२१ फेब्रुअरी २४) नेपाल सरकार र वन कार्बन साझेदारी संयन्त्र, कार्बन कोषको तर्फबाट विश्व बैंक वीच वन विनाश र क्षयीकरणबाट हुने कार्बन उत्सर्जन न्यूनीकरणका लागि सन् २०१८ को जुन महिनादेखि सन् २०२४ को डिसेम्बरसम्मको लागि उत्सर्जन न्यूनीकरण भूक्तानी सम्झौता (Emission Reduction Payment Agreemnet- ERPA) सम्पन्न भएको । • उत्सर्जन न्यूनीकरण कार्यक्रमलाई सघाउ पुग्ने गरी २०७७।१२।६ गते (तदनुसार २०२१ मार्च १९) नेपाल सरकार र विश्व बैंक बीच सम्बृद्धिका लागि वन परियोजना (Forests for Prosperity) मा सम्झौता भै दिगो वन विकास र वन पैदावरमा आधारित उद्यम विकासका लागि २४ मिलियन अमेरिकी डलरको लगानी सुनिश्चितता भएको । • नेपाल सरकार र लिफ कोलिसन (LEAF Coalition) बिच सन् २०२१, नोभेम्बर ३ तारिखका दिन नेपालको बाग्मती, गण्डकी र लुम्बिनी प्रदेशका वन क्षेत्रमा उर्त्सजन न्यूनीकरण गरी रेडप्लस कार्यक्रम मार्फत कार्बन व्यापार गर्न आशय पत्रमा सम्झौता भएको ।

अनुसूची २

रेड कार्यान्वयन केन्द्रको सहयोगमा सामुदायिक वन कार्ययोजना नविकरण गरिएका सा.व. हरूको विवरण

सि.नं.	डि.व.का.	सा.व.को नाम	ठेगाना	क्षेत्रफल (हे.)	कैफियत
१	नवलपरासी व.सु.प.	श्री सृजनसिल सा.व.	बर्दघाट-१४	१.७४	
२	नवलपरासी व.सु.प.	श्री चौतारी सा.व.	बर्दघाट-१४	१.७	
३	नवलपरासी व.सु.प.	श्री थारु कल्याण सा.व.	बर्दघाट-१४	५.९	
४	नवलपरासी व.सु.प.	श्री जागृती सा.व.	बर्दघाट-१४	०.५	
५	धनकुटा	श्री जनता सा.व.	पाखिवास-५	४९१.६३	
६	धनकुटा	श्री मजुवापाखा सा.व.	साँगुरीगढी-८	१७८.८०	
७	धनकुटा	श्री मैनाखोप गिद्धेखोप सा.व.	साँगुरीगढी-७	१७७.१७	
८	धनकुटा	श्री राँके गुराँसे सा.व.	साँगुरीगढी-९	३६२.३	
९	धनकुटा	श्री खुर्पेपाखा सा.व.	साँगुरीगढी-८	१६३.०१	
१०	धनकुटा	श्री खानिडाँडा सा.व.	साँगुरीगढी-६	१४७.५५	
११	धनकुटा	श्री वजेनी वनपाला सा.व.	साँगुरीगढी-५	१४.०	
१२	धनकुटा	श्री सिन्धुवसेरी सा.व.	महालक्ष्मी-४	१६४.०	
१३	सिन्धुपाल्चोक	श्री दावी भिरखर्क सा.व.	त्रिपुरासुन्दरी-६	११०.०	
१४	सिन्धुपाल्चोक	श्री बाघखोर चप्लेटी सा.व.	वाह्रविसे -३	२७.०	
१५	सिन्धुपाल्चोक	श्री बगरपाखा सा.व.	वाह्रविसे -३	८६.०	
१६	सिन्धुपाल्चोक	श्री धार्पा च्यानडाँडा सा.व.	वाह्रविसे -३	९.०	
१७	सिन्धुपाल्चोक	श्री कुखुरे कल्लेरी सा.व.	वाह्रविसे -५	८६.०	
१८	सिन्धुपाल्चोक	श्री निग्रेघारी पानीघाट सा.व.	इन्द्रावती -४	८५.३९	
१९	सिन्धुपाल्चोक	श्री कार्कीछाप सा.व.	इन्द्रावती -७	२८.१०	
२०	सिन्धुपाल्चोक	श्री मौरीघारी गिद्धे सा.व.	इन्द्रावती -२	१३२.९७	
२१	सिन्धुपाल्चोक	श्री धार्ना सा.व.	मेलम्ची-७	५२.५४	
२२	सिन्धुपाल्चोक	श्री कात्तिकेभटार सा.व.	मेलम्ची-७	१३.९५	
२३	सिन्धुपाल्चोक	श्री बाउन ढडेन सा.व.	जुगल-५	३८.२१	
२४	सिन्धुपाल्चोक	श्री सालमराङ च्यानडाँडा सा.व	जुगल-५	३१.५०	
२५	सिन्धुपाल्चोक	श्री खराने फोदन सा.व.	जुगल-५	१७८.६६	

सि.नं.	डि.व.का.	सा.व.को नाम	ठेगाना	क्षेत्रफल (हे.)	कैफियत
२६	सिन्धुपाल्चोक	श्री लामाचौर सा.व.	लिसंखुपाखर-७	१४.६३	
२७	सिन्धुपाल्चोक	श्री सुन्दरडाँडा धुसिनी सा.व.	लिसंखुपाखर-७	४४.२३	
२८	सिन्धुपाल्चोक	श्री धनेचउर सा. व.	लिसंखुपाखर-७	२०.७७	
२९	भक्तपुर	श्री डोकेडाँडा देवीस्थान सा.व.	सूर्यविनायक-९	२४.७	
३०	भक्तपुर	श्री लटरम्मेश्वर देउराली सा.व	सूर्यविनायक-१०	१२.२६	
३१	भक्तपुर	श्री भिङ्गाली खोला सा.व.	सूर्यविनायक-१०	१०.९२	
३२	भक्तपुर	श्री नवदुर्गा सा.व.	सूर्यविनायक-१०	४१.६०	
३३	भक्तपुर	श्री तलेजु देवीस्थान सा.व.	सूर्यविनायक-८	११.४९	
३४	भक्तपुर	श्री कडेलाको पाखा सा.व.	चाँगुनारायण-९	१.०२	
३५	भक्तपुर	श्री महाकालेश्वर जुरेथुम्को साव	सूर्यविनायक-१०	२०.४५	
३६	भक्तपुर	श्री पात्ले सा.व.	चाँगुनारायण-९	२७.९४	
३७	रामेछाप	श्री ठुलो सा.व.	खाँडादेवी-४	२२७.०	
३८	रामेछाप	श्री रक्तमाला सा.व.	खाँडादेवी-५	६२.७६	
३९	रामेछाप	श्री मजुवा भुमेथान सा.व.	रामेछाप-५	८३.२७	
४०	रामेछाप	श्री कैंजल सा.व.	रामेछाप-५	३०७.४२	
४१	रामेछाप	श्री झगरेसिद्ध सा.व.	रामेछाप-५	६.५४	
४२	रामेछाप	श्री नाक्चा सा.व.	रामेछाप-४	१६४.८५	
४३	रामेछाप	श्री आइतवारे सा.व.	रामेछाप-५	५.०८	
४४	रामेछाप	श्री चैते माझो सा.व.	लिखु तामाको शी-१	१३४.३४	
४५	रामेछाप	श्री लेती सा.व.	लिखु तामाको शी-१	१०४.५३	
४६	रामेछाप	श्री चोप्रालु सा.व.	लिखु तामाको शी-१	६२.८	
४७	रामेछाप	श्री सल्लेनी सा.व.	खाँडादेवी-५	४७.६७	
४८	रामेछाप	श्री गणेशटार सा.व.	रामेछाप-६	५८.९२	
४९	रामेछाप	श्री सिलिङ्गे चेप्टे सा.व.	रामेछाप-६		

सि.नं.	डि.व.का.	सा.व.को नाम	ठेगाना	क्षेत्रफल (हे.)	कैफियत
५०	रामेछाप	श्री चन्द्रकला सा.व.	रामेछाप-४	१३३.५९	
५१	रामेछाप	श्री सल्लेनी सा.व.	रामेछाप-५	७३.०	
५२	पहलमानपुर	श्री सल्लेरी सा.व.	मोहन्याल-४	४३५.६९	
५३	पहलमानपुर	श्री शंकर सा.व.	जोशीपुर-३	३८८.२४	
५४	पहलमानपुर	बडिमालिका सा.व.	भजनी-३	१३९.२५	
५५	पहलमानपुर	मैथुनिया सा.व.	भजनी-३		
५६	पहलमानपुर	जनहित सा.व.	जोशीपुर-३		
५७	पहलमानपुर	कालिका सा.व.	भजनी-५	७४.६५	
५८	पहलमानपुर	डा.चन्द्र गुरुङ्ग स्मृति सा.व.	जोशीपुर-३	१७५.८९	
५९	पहलमानपुर	ग्रिन ल्याण्ड सा.व.	जोशीपुर-३	४११.००	
६०	पहलमानपुर	जन चेतना सा.व.	मोहन्याल-३	१५६.९८	
६१	पहलमानपुर	हरियाली सा.व.	मोहन्याल-३	१४६.०	
६२	दाङ (घोराही)	श्री अस्वारा सा.व.	तुलसिपुर-८	२४१.५३	
६३	दाङ (घोराही)	श्री मुलपानी सा.व.	तुलसिपुर-४	१७६.७५	
६४	दाङ (घोराही)	श्री मनहरा सा.व.	तुलसिपुर-१	१५३.३८	
६५	दाङ (घोराही)	श्री मनकामना सा.व.	तुलसिपुर-१	१३२.४५	
६६	दाङ (घोराही)	श्री बल्लाजुरे सा.व.	तुलसिपुर-१२	४०२.६०	
६७	दाङ (घोराही)	श्री फुलवारी सा.व.	तुलसिपुर-३	११३.३१	
६८	दाङ (घोराही)	श्री कालिका मालिका किसान जलुके सा. व.	तुलसिपुर-१९	७३.४९	
६९	दाङ (घोराही)	श्री महालक्ष्मी सा.व.	तुलसिपुर-८,९	३६.७६	
७०	दाङ (घोराही)	श्री चरिङ्गेदह सा.व.	घोराही-१,२	३१७.९०	
७१	दाङ (घोराही)	श्री भुमे बराहा सा.व.	बंगलाचुली-४	१२३.५८	
७२	दाङ (घोराही)	श्री न्यु कालिका सा.व.	बंगलाचुली-८	३९८.६६	
७३	दाङ (घोराही)	श्री जौलेपोखरी सिरुपाटा सा.व.	बंगलाचुली-१	१७२.६२	
७४	दाङ (घोराही)	श्री जुद्धविर सा.व.	बंगलाचुली-४	३८१.८८	
७५	दाङ (घोराही)	श्री जनचेतना सा.व.	बंगलाचुली-३	२२७.५९	
७६	दाङ (घोराही)	श्री सरस्वती सा.व.	बंगलाचुली-३	४८३.८८	

सि.नं.	डि.व.का.	सा.व.को नाम	ठेगाना	क्षेत्रफल (हे.)	कैफियत
७७	दाङ (घोराही)	श्री शिव सा.व.	बंगलाचुली-१	२५७.२४	
७८	दाङ (घोराही)	श्री वागेश्वरी सा.व.	बंगलाचुली-१	३४२.९३	
७९	म्याग्दी	श्री रघुगंगा सा.व.	बेनी-१०		
८०	म्याग्दी	छुम पातल सा.व.	बेनी-९		
८१	म्याग्दी	भेडाखोर सा.व.	बेनी-५		
८२	म्याग्दी	अधेरीखोला राजिकुलो सा.व.	बेनी-४		
८३	म्याग्दी	सल्लेरी धारा सा.व.	अन्नपुर्ण-८		
८४	रसुवा	श्री लार्वाङपाखा सा.व.	आमाछो दिङमो-०१		
८५	रसुवा	श्री काल्ताखर्क सा.व.	आमाछो दिङमो-०२		
८६	रसुवा	श्री लुम्वुडाँडा सा.व.	आमाछो दिङमो-०१		
८७	रसुवा	श्री दक्षिण कालिका सा.व.	उत्तरगया-०१		
८८	रसुवा	श्री कुनाघारी सा.व.	उत्तरगया-०१		
८९	रसुवा	श्री दियालेपाखा सा.व.	उत्तरगया-०१		
९०	रसुवा	श्री महादेवस्थान सा.व.	उत्तरगया-०२		
९१	रसुवा	श्री गणेशस्थान सा.व.	उत्तरगया-०१		
९२	खोटाङ	श्री भगवती सा.व.	बराह पोखरी-२	३४०.०	
९३	खोटाङ	श्री कागुने ठाँटी डाँडा सा.व.	जन्तेढुंगा-५	१४०.०	
९४	खोटाङ	श्री राम्चे वरालथुम्की सा.व.	जन्तेढुंगा-६	२९१.३१	
९५	खोटाङ	श्री ढुंगे गोगुने सा.व.	जन्तेढुंगा-२	१७४.०	
९६	खोटाङ	श्री पन्चकन्या सा.व.	जन्तेढुंगा-२	१८४.०	
९७	खोटाङ	श्री छिता ढुंगा सा.व.	ऐसेलुखर्क-१	१७५.४४	
९८	खोटाङ	श्री देवीथान दोपेडाँडा सा.व.	ऐसेलुखर्क-३	३१.५०	
९९	खोटाङ	श्री चिलाउने खर्क सा.व.	रावावेसी-१	५१.८३	
१००	खोटाङ	श्री थसादु थुनेम सा.व.	ऐसेलुखर्क-५	१२.८४	
१०१	खोटाङ	श्री आहाले साम्खाई सा.व.	ऐसेलुखर्क-१	१९८.९४	
१०२	खोटाङ	श्री वहाने शन्त पोखरी सा.व.	ऐसेलुखर्क-१	१९८.४५	

सि.नं.	डि.व.का.	सा.व.को नाम	ठेगाना	क्षेत्रफल (हे.)	कैफियत
१०३	खोटाङ	श्री वडहरे सा.व.	रावावेसी-६	७.२८	
१०४	खोटाङ	श्री ढाँड सा.व.	रावावेसी-६	१३९.२	
१०५	खोटाङ	श्री सिरुखर्क काउले सा.व.	ऐसेलुखर्क-१	१९१.८	
१०६	खोटाङ	श्री लिदिङ खोला सा.व.	ऐसेलुखर्क-१	१९८.३१	
१०७	तेह्रथुम	श्री पंचमी सल्लेरी सा.व.	फेदाप-२	३९.५७	
१०८	तेह्रथुम	श्री आरुवोटे सा.व.	फेदाप-२	९.८७	
